सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ माघ २०८२, मंगलबार (10 Feb 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



■ २५ फागुनसम्म थपियो जेन-जी आन्दोलन जाँचबुझ आयोगको म्याद

अब चुनावपछि मात्रै प्रतिवेदन

आयोगको प्रतिवेदन आउँदा हुन सक्ने सम्भावित टकराव, आरोप-प्रत्यारोप र बन्न सक्ने चुनावी एजेन्डालाई लिएर सरकारको 'सावधानीपूर्ण' कदम



● **विज्ञानराज शर्मा**
प्रवक्ता, जाँचबुझ आयोग

प्रतिवेदन लेखन अन्तिम चरणमा पुगेको छ। तर, केही घटनाको थप अध्ययन र नयाँ ढंगले छानबिन गर्नुपर्ने देखियो। त्यसैले म्याद थपको प्रस्ताव गरिएको हो। सोही प्रस्तावअनुसार २५ दिनको म्याद थप भएको बुझिएको छ।

काठमाडौं/ जेन-जी आन्दोलनका क्रममा २३ र २४ भदौमा भएका घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको म्याद सरकारले तेस्रोपटक थप गरेको छ। यससँगै आयोगको अवधि आगामी २५ फागुनसम्म लम्बिएको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आयोगको म्याद २५ दिनका लागि थप गर्ने निर्णय गरेको हो। अब आयोगको प्रतिवेदन निर्वाचनपछि मात्र सार्वजनिक हुनेछ। निर्वाचनको वातावरण नबिग्रियोस् भनेर सरकारले आयोगको म्याद थप गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको मन्त्रिपरिषद् बैठकपछि गृहमन्त्री ओमप्रकाश अर्यालले

» पृष्ठ २ मा क्रमशः

जनसंख्या महिलाको धेरै, मतदाता पुरुष

पुरुषभन्दा महिलाको जनसंख्या ६ लाख ५७ हजार ४७६ बढी छ, जबकि मतदाता भने महिलाभन्दा पुरुष ४ लाख २३ हजार २२७ धेरै छन्

यसले निर्वाचन समावेशितामै प्रश्न उठाइरहेको छ

● **दिनेश थपलिया**, पूर्वप्रमुख निर्वाचन आयुक्त



यसपालि निर्वाचनको मात्रै होइन, यो विगतदेखिकै चित्र हो। ग्रामीण भेगका महिला घरायसी काममै व्यस्त हुन्छन्। मतदानको महत्त्वबारे ज्ञान नहुँदा नामावली दर्ता गर्न सदरमुकाम किन धाइरहने भन्ने पनि हुन सक्छ। निर्वाचन आयोगले पनि गाउँगाउँ गएर नाम दर्ता गर्दैन। कारण जेसुकै भए पनि यसले हाम्रो निर्वाचन समावेशितामै प्रश्न उठाइरहेको छ।

महिलालाई मताधिकारबारे सरकारले नै सशक्तीकरण गराउनुपर्छ

● **कमला लामिछाने**, उपप्राध्यापक, त्रिवि जनसंख्या अध्ययन विभाग



घरायसी काममै केन्द्रित हुने महिलाको थप समय सीमित हुन्छ। जसकारण राजनीतिमा चासो हुन पाउँदैन। भोटर लिस्टमा नाम लेखाउन पनि जाँदैनन्। तीनै तहका सरकारबाट महिलाको अधिकारबारे सशक्तीकरण गर्नुपर्‍यो। उनीहरूलाई आफ्नो अधिकारबारे थाहा दिनुपर्‍यो।

मधेश र ग्रामीणका महिलालाई मतको भ्यालु बुझाइएन

● **इन्द्र अधिकारी**, विश्लेषक




सहरी र सुगम क्षेत्रमा मात्रै महिला मतदाता उल्लेख्य देखिन्छन्। मधेश, पहाडी र हिमाली जिल्लामा निकै कम छन्। घरभित्रकै काममा व्यस्त हुनुपर्ने उनीहरू यस्तो बाध्यतामा छन् कि एकछिन पनि घर छोड्न मिल्दैन। दलीय राजनीतिमा संलग्न हुँदा पो मतको भ्यालु थाहा हुन्छ। मतको भ्यालु नै थाहा नभएपछि मतदाता नामावलीमा नाम दर्ता भएन।

कमलराज भट्ट/नयाँ पत्रिका

देशको संविधानले समानुपातिक समावेशी सहभागिता र प्रतिनिधित्वको वकालत गर्छ। तर, राज्यका निकाय र राजनीतिक नेतृत्वले समानुपातिक समावेशितालाई कुनै न कुनै रूपमा उपेक्षा गरिरहेका छन्। आमसर्वसाधारणले ख्यालै गर्न नसकेको

» पृष्ठ २ मा क्रमशः

■ महिला र पुरुष : जनसंख्या र मतदाता



उम्मेदवारीमा पनि महिलाको सहभागिता धेरै पछाडि

संविधानले जनसंख्याको अनुपातमा समानुपातिक समावेशी सिद्धान्त अँगाले पनि राजनीतिमा महिलाले स्थान पाएका छैनन्। अझ निर्वाचनमा संविधान र कानुनले बाध्यकारी गरेको समानुपातिक बन्दसूचीबाहेक दलहरूले महिलालाई प्रतिस्पर्धाका लागि मौका नै दिँदैनन्। २१ फागुनको निर्वाचनका लागि १६५ सिट रहेको प्रत्यक्षतर्फ ६४ दल र स्वतन्त्र गरी तीन हजार ४०६ जनाको उम्मेदवारी परेको छ। जसमा महिला ३८८ जना मात्रै छन्। पुरुष तीन हजार १७ र अन्य एकजना छन्। कुल उम्मेदवारीमा महिलाको हिस्सा ११.३९ प्रतिशत मात्रै हो।

■ ३२ सिट रहेको मधेशमा पुरुष मतदाताभन्दा तीन लाख नौ हजार महिला मतदाता कम

१६५ निर्वाचन क्षेत्रमध्ये ६५ मा मात्रै पुरुषभन्दा महिला मतदाता बढी

जनसंख्या			मतदाता		
महिला	पुरुष		महिला	पुरुष	
२५ लाख ४४ हजार ८४ (५१.३%)	२४ लाख १७ हजार ३२८ (४८.७%)	कोशी	१७ लाख ४६ हजार ७३ (४८.८५%)	१८ लाख २८ हजार २१३ (५१.१५%)	
३० लाख ४८ हजार ८४९ (४९.९%)	३० लाख ६५ हजार ७५१ (५०.१%)	मधेश	१६ लाख ६३ हजार ३७४ (४५.७४%)	१९ लाख ७२ हजार ९६४ (५४.२६%)	
३० लाख ६८ हजार १८२ (५०.२%)	३० लाख ४८ हजार ६८४ (४९.८%)	बागमती	१८ लाख २९ हजार ९०५ (४९.६९%)	१८ लाख ५२ हजार ३७८ (५०.३०%)	
१२ लाख ९५ हजार ५९४ (५२.५%)	११ लाख ७० हजार ८३३ (४७.५%)	गण्डकी	९ लाख ५५ हजार ५१६ (५१.१%)	९ लाख १४ हजार ५३५ (४८.९०%)	
२६ लाख ६७ हजार ६७० (५२.१%)	२४ लाख ५४ हजार ४०८ (४७.९%)	लुम्बिनी	१६ लाख ७१ हजार ४७९ (४९.३९%)	१७ लाख १५ हजार १६३ (५०.६४%)	
८ लाख ६४ हजार ६५१ (५१.२%)	८ लाख २३ हजार ७६१ (४८.८%)	कर्णाली	५ लाख ९ हजार ३६१ (४९.१%)	५ लाख २७ हजार ८८६ (५०.९%)	
१४ लाख २१ हजार ९९७ (५२.८%)	१२ लाख ७२ हजार ७८६ (४७.२%)	सुदूरपश्चिम	८ लाख ६४ हजार ४२३ (५०.३५%)	८ लाख ५२ हजार २१९ (४९.६४%)	

■ अनुगमनमा निस्किएको वाणिज्य विभागको निष्कर्ष

मागको एकतिहाइ मात्रै आपूर्ति भएकाले ग्यास अभाव



■ तर, निगम भन्छ-
नियमितभन्दा बढी भइरहेको छ ग्यास आयात

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मतदातालाई पढाउन स्वयंसेवक खटाउँदै आयोग

आमनागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्त्व तथा मतदान विधिबारे समयमै जानकारी दिन विशेष कार्यक्रम, ३-१७ फागुनसम्म स्वयंसेवक परिचालन गरिने

नयाँ पत्रिका

मतदाता सहभागिता बढाउने तथा बदर मत कम गर्ने उद्देश्यसहित निर्वाचन आयोगले मतदान शिक्षा विशेष कार्यक्रम सुरु गर्ने भएको छ। आमनागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्त्व तथा मतदान विधिबारे समयमै जानकारी दिन विशेष कार्यक्रम तयार पारी लागू गरिएको आयोगले जनाएको छ।

निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिकाबमोजिम आयोगले कार्यक्रम बनाएको प्रवक्ता नारायण भट्टराईले बताए। 'मतदाता शिक्षालाई सुदृढ बनाई प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउने उद्देश्यले मतदाता शिक्षा विशेष कार्यक्रम निर्वाचन आयोगबाट स्वीकृत गरी लागू गरिएको छ,' उनले भने।

कार्यक्रममार्फत आममतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गरिने उनले बताए।

» पृष्ठ २ मा क्रमशः

■ आमसञ्चार र सामाजिक सञ्जालको पनि प्रयोग, 'म निर्वाचनमा सहभागी हुन्छु' अभियान चलाइने

मतदान संस्कृतिको विकास गर्न खोजिएको छ

● **नारायण भट्टराई**, प्रवक्ता, निर्वाचन आयोग



आममतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्न खोजिएको छ। यससँगै मतदानको कार्यमा आममतदाताको सहभागिता अभिवृद्धि र बदर मतको संख्या न्यूनीकरण गर्नु पनि यस कार्यक्रमको उद्देश्य छ। कार्यक्रमबाट मतदाताले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्त्व, निर्वाचन आचारसंहिता तथा गलत एवं भ्रामक सूचनाबाट बच्ने उपायबारे जानकारी प्राप्त गर्नेछन्। योसँगै आमसञ्चारमाध्यम तथा आमपहुँचका कार्यक्रमबाट पनि मतदाता शिक्षा र निर्वाचन प्रचार-प्रसार व्यापक र प्रभावकारी बनाइनेछ।



दाउरामै पाक्छ धेरै नेपालीको घरमा खाना

दाउरामा खाना पकाउने घरधुरी ५३.६ प्रतिशत, ४१.९ प्रतिशत घरमा ग्यास

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अधिकांश नेपालीको घरमा दाउरामै खाना पकाउने गरिएको तथ्यांकले देखाएको छ। विद्युतीय चुलोको प्रयोग बढाएर ग्यास विस्थापन गर्ने सरकारको जोड भने निष्प्रभावी बनेको छ। नेपालीको भान्सामा बढी प्रयोग हुने इन्धन दाउरापछि ग्यास नै रहेको राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहसूचक सर्वेक्षण, ०८१/८२ ले देखाएको हो।

सर्वेक्षणअनुसार खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरी ५३.६ प्रतिशत छन्। जसमध्ये ३०.७ प्रतिशत घरधुरीमा अझै तीनढुंगे चुलोमा खाना पाक्ने गरेको छ भने २२.९ प्रतिशत घरमा सुधारिएको चुलो प्रयोग हुने गरेको छ। दाउराको स्रोत देशभित्रकै वनजंगल हुन्।

दाउरापछि धेरै ४१.९ प्रतिशत घरधुरीमा खाना पकाउने एलपिजी ग्यासको प्रयोग हुने गरेको सर्वेक्षणको रिपोर्ट छ। ग्यास विदेशबाट आयात गर्नुपर्ने भएकाले देशको ठुलो बजेट बाहिरिएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को ६ महिनामा मात्रै २७ अर्ब चार करोड २० लाख रुपैयाँको ग्यास आयात भएको छ। गत वर्ष ०८१/८२ मा ६२ अर्ब ५८ करोड ७२ लाखको ग्यास आयात भएको थियो। सहरका ५२.८ प्रतिशत र ग्रामीणका २०.१ प्रतिशत घरधुरीले एलपी ग्यास प्रयोग गरेको सर्वेक्षणमा देखिएको छ। प्रदेशगत रूपमा

» पृष्ठ २ मा क्रमशः

कति घरमा केले पाक्छ खाना ?

दाउरा	५३.६%
एलपी ग्यास	४१.९%
बायोग्यास	१.२%
कोइला, ब्रिकेट	१.१%
मुभेबल फायरप्यान	०.८%
विद्युतीय चुलो	०.७%
लिक्विड फ्युल (इथानोल)	०.२%
सोलार कुकर	०.१%
खाना नपकाउने	०.१%
अन्य	०.३%



■ ग्यास विस्थापनको विकल्प विद्युतीय चुलो, तर प्रयोग ०.७% घरमा

सरकारले विद्युतीय चुलोको प्रयोग बढाएर ग्यास विस्थापन गर्ने नीति लिए पनि निष्प्रभावी बनेको छ। सर्वेक्षणले विद्युतीय चुलोमा खाना पकाउने घरधुरीको हिस्सा जम्मा ०.७ प्रतिशत मात्रै देखाएको छ। देशमा बर्सेनि विद्युत् उत्पादन बढिरहेको छ, बजारमा विद्युतीय चुलो उपलब्ध छन् र खाना पकाउन ग्यासभन्दा विद्युतीय इन्धन सस्तो पनि हुने अध्ययनले देखाएको छ। 'सरकारले पनि यस विषयमा आवश्यकताअनुसार चेतना फैलाउन सकेको छैन। तर, विद्युतीय चुलो प्रयोग गर भन्नका लागि पनि थप नीति आवश्यक छ। यथास्थितिमा चुनौती नै छ,' राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेले भने, 'किनकि, विद्युत्को मूल्य महँगो छ। मानिसहरू बिजुलीको बिल धेरै आउँछ भनेर डराएको अवस्था छ। त्यो अवस्थामा सरकारले घरधुरीलाई विद्युतीय चुलोमा अनुदान दिने नीति ल्याउनुपर्छ।'

■ ९६.७ प्रतिशत घरमा **विद्युत्को निरन्तर पहुँच**
सबैभन्दा धेरै गण्डकीमा ९९.५% र सबैभन्दा कम कर्णालीमा ८०.८% विद्युत् पहुँच

■ ९५.५ प्रतिशत **घरमा टेलिफोन सुविधा**
सबैभन्दा धेरै बागमतीमा ९७.१% र सबैभन्दा कम सुदूरपश्चिममा ९२.६% घरपरिवारमा टेलिफोनको सुविधा

■ **प्रत्येक पाँचमध्ये चार घरपरिवारसँग इन्टरनेट सुविधा**
१५-४९ वर्ष उमेर समूहका ८१.६% महिला र ९०.४% पुरुषसँग आफ्नै मोबाइल

■ **एक हजार शिशुमध्ये २७ को एक वर्ष नपुग्दै मृत्यु**
त्यस्तै, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्ममा ३१ को मृत्यु

■ **विद्यालयबाहिर बालबालिकाको अवस्था**
१-५ मा ४.५% र कक्षा ६-८ मा ३.६% तथा ९-१२ मा १३.२% विद्यार्थी विद्यालयबाहिर

पूर्वगोर्खा सैनिकको पेन्सनमा राष्ट्रपति पौडेलको चासो



काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वब्रिटिस गोर्खा सैनिकको समान पेन्सनलगायत विषयमा नेपाल र बेलायतबिच भइरहेका छलफलप्रति चासो व्यक्त गरेका छन्। उनले पूर्वब्रिटिस गोर्खा सैनिकका जायज गुनासाहरू द्विपक्षीय कूटनीतिक संयन्त्रमार्फत छिटो टुंग्याउनुपर्ने धारणा राखेका छन्।

बेलायती सेनाका मेजर जनरल जेरल्ड एम स्ट्रिकलेन्ड नेतृत्वको टोलीबाट सोमबार गोर्खा ब्रिगेडको वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति पौडेलले अवकाशप्राप्त गोर्खा सैनिकको पेन्सन तथा कल्याणसम्बन्धी विषयमा ध्यानाकर्षण गराएका हुन्। गोर्खा ब्रिगेडको सन् २०२५ को वार्षिक प्रतिवेदन बुझ्ने क्रममा राष्ट्रपतिले गुनासा सम्बोधनबारे धारणा राखेका हुन्।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार

» पृष्ठ २ मा क्रमशः

दाउरामै...

पृष्ठ १ बाट क्रमशः

कोशीका ३८, मधेशका २९.९, बागमतीका ६९.६, गण्डकीमा ५१.६, लुम्बिनीमा ४१.२, कर्णालीमा १२.३ र सुदूरपश्चिमका २३.५ प्रतिशत घरधुरीले ग्यास प्रयोग गरेका छन् । सरकारले विद्युतीय चुलोको प्रयोग बढाएर ग्यास विस्थापन गर्ने नीति लिए पनि निष्प्रभावी बनेको छ । सर्वेक्षणले विद्युतीय चुलोमा खाना पकाउने घरधुरीको हिस्सा जम्मा ०.७ प्रतिशत मात्रै देखाएको छ । देशमा बर्सेनि विद्युत् उत्पादन बढिरहेको छ, बजारमा विद्युतीय चुलो उपलब्ध छन् र खाना पकाउन ग्यासभन्दा विद्युतीय इन्धन सस्तो पनि हुने अध्ययनले देखाएको छ । तर, सरकारको जोड सार्थक बन्न सकेको छैन ।

राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेले विद्युतीय चुलोको प्रयोग बढाउन सरकारले थप प्रोत्साहन गर्नुपर्ने बताए । 'सरकारले पनि यस विषयमा आवश्यकताअनुसार चेतना फैलाउन सकेको छैन । तर, विद्युतीय चुलो प्रयोग गर भन्नका लागि पनि थप नीति आवश्यक छ । यथास्थितिमा चुनौती नै छ,' उनले भने, 'किनकि, विद्युत्‌को मूल्य महँगो छ । मानिसहरू बिजुलीको बिल धेरै आउँछ भनेर डराएको अवस्था छ । त्यो अवस्थामा सरकारले घरधुरीलाई विद्युतीय चुलोमा अनुदान दिने नीति ल्याउनुपर्छ होला । पहिलो चरणमा विद्युत् धेरै हुने समय बर्खामा मात्रै अनुदान दिने नीति ल्याए पनि हुन्छ । ग्यासमा दिने अनुदान बिस्तारै कम र विद्युतीय चुलोमा अनुदान दिने व्यवस्था गरेर बिस्तारै बढाउँदै जानुपर्छ ।'

तथ्यांकअनुसार ग्रामीण क्षेत्रका ०.२ र सहरी क्षेत्रका ०.९ प्रतिशत घरधुरीले विद्युतीय चुलो प्रयोग गरेका छन् । प्रदेशगत रूपमा कोशीका ०.८, मधेशका ०.१, बागमतीका दुई, गण्डकीका ०.६, लुम्बिनीका ०.१, कर्णालीका ०.३ र सुदूरपश्चिमका ०.१ प्रतिशत घुरधुरीले विद्युतीय चुलो प्रयोग गरेका छन् ।

पूर्वऊर्जासचिव देवेन्द्र कार्की विद्युतीय चुलोको प्रयोगमा सरकारले थप प्रवर्द्धन गर्नुपर्ने बताउँछन् । अहिले विद्युतीय चुलोको प्रयोग नबढ्नुमा बहुआयामिक कारण भएको उनको भनाइ छ । 'अझै पनि विद्युतीय चुलो प्रयोगका लागि निर्धक्क हुने अवस्था छैन । निरन्तर विद्युत् आपूर्ति हुनेमा आशंका छ । कतिपय क्षेत्रमा भोल्टेजको समस्या छ । गुणस्तरीय विद्युत् छैन । त्यसले गर्दा विद्युतीय चुलोमा ढुक्क हुने अवस्था बनिसकेको छैन । त्यस्तै, सञ्चालन लागत सस्तो हुने भनिए पनि सुरुको लागत उच्च छ । त्यो अवस्थामा विद्यार्थीहरू विद्युतीय चुलोभन्दा ग्यास नै किन्न रुचाउँछन् । त्यस्तै, घरबेटीहरूले भाडामा बस्नेहरूलाई विद्युत् प्रयोगमा कडाइ गरेका छन् । सबमिटर पनि राखिदिएका छैनन् । समग्रमा विद्युतीय चुलोको इकोसिस्टम अझै विकास भएको छैन,' उनले भने, 'तर, यो आवश्यक छ । यसका लागि सरकारले प्रवर्द्धन गर्नुपर्छ । विद्युतीय चुलो आयातमा भन्सार छुटदेखि अनुदान दिनेसम्मको नीति सरकारले ल्याउनुपर्छ ।'

त्यस्तै, १.२ घरधुरीले बायोग्यास, १.१ प्रतिशतले ठोस ऊर्जा (कोइला, ब्रिकेट), ०.८ प्रतिशतले मुभेबल फायरप्यान, ०.२ प्रतिशतले लिक्विड फ्युल (अल्कोहल नभएको, इथानोल), ०.१ प्रतिशतले सोलार कुकर र ०.३ प्रतिशत घरधुरीले अन्य इन्धन प्रयोग गर्ने गरेको सर्वेक्षणले देखाएको छ । त्यस्तै, ०.१ प्रतिशतले भने घरमा खाना नपकाउने पनि उल्लेख छ ।

९६.७ प्रतिशत घरमा विद्युत्‌को निरन्तर पहुँच

सर्वेक्षण प्रतिवेदनअनुसार ९६.७ प्रतिशत घरपरिवारमा विद्युत् सेवाको निरन्तर स्रोतमा पहुँच पुगेको छ । प्रदेशगत आधारमा सबैभन्दा धेरै गण्डकी प्रदेशमा ९९.५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ८०.८ प्रतिशत विद्युत् पहुँच पुगेको छ ।

९५.५ प्रतिशत घरमा टेलिफोन सुविधा

नेपालमा ९५.५ प्रतिशत घरपरिवारमा टेलिफोन सुविधा पुगेको देखिएको छ । सबैभन्दा धेरै बागमती प्रदेशमा ९७.१ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिममा ९२.६ प्रतिशत घरपरिवारमा टेलिफोनको सुविधा छ ।

प्रत्येक पाँचमध्ये चार घरपरिवारसँग इन्टरनेट सुविधा

प्रत्येक पाँचमध्ये चार घरपरिवारले इन्टरनेट सुविधासहितको उपकरण प्रयोग गरेका छन् । १५-४९ वर्ष उमेर समूहका महिलामध्ये ८१.६ प्रतिशतसँग आफ्नै मोबाइल फोन छ । १५-४९ वर्ष उमेर समूहका पुरुषहरूमध्ये ९०.४ प्रतिशत पुरुषसँग आफ्नै मोबाइल फोन रहेको पनि सर्वेक्षणले देखाएको छ ।

जनसंख्या...

पृष्ठ १ बाट क्रमशः

एउटा ज्वलन्त उदाहरण हो, जनसंख्याको अनुपात र मतदाताको अनुपातमा अस्वाभाविक अन्तर ।

पुरुषभन्दा महिलाको जनसंख्या धेरै छ, तर मतदाता भने महिलाभन्दा पुरुष धेरै छन् । यो राज्यकै तथ्यांक हो । पछिल्लो जनगणना ०७८ अनुसार नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ छन् । जसमध्ये पुरुष एक करोड ४२ लाख ५३ हजार ५५१ छन् भने महिला एक करोड ४९ लाख ११ हजार २७ छन् । अर्थात् कुल जनसंख्यामा पुरुष ४८.९ प्रतिशत छन् भने महिला ५१.१ प्रतिशत छन् । अंकमा पुरुषभन्दा महिलाको जनसंख्या ६ लाख ५७ हजार ४७६ ले धेरै छ ।

तर, निर्वाचन आयोगको तथ्यांकअनुसार २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तय भएका मतदाता भने महिलाभन्दा पुरुष धेरै छन् । कुल एक करोड ८९ लाख तीन हजार ६८९ मतदातामध्ये पुरुष ९६ लाख ६३ हजार ३५८ छन् भने महिला ९२ लाख ४० हजार १३१ छन् । अर्थात्, कुल मतदातामा पुरुष ५१.१ प्रतिशत र महिला ४८.९ प्रतिशत छन् । महिलाभन्दा पुरुष मतदाता चार लाख २३ हजार २२७ ले बढी छन् । अन्य मतदाता २०० छन् ।

तर, कुल जनसंख्या र मतदान गर्न योग्य उमेर समूह दुवैमा पुरुषभन्दा महिला उल्लेख्य धेरै भएर पनि मतदाता नामावलीमा भने पुरुषभन्दा महिला कसरी चार लाख २३ हजार २२७ ले थोरै भए ? यो प्रश्नमा पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया भन्छन्, 'यस्तो चित्र यसपालि निर्वाचनको मात्रै होइन, विगतदेखिकै हो । धेरै ग्रामीण भेगका महिलाहरू घरायसी काममै व्यस्त हुन्छन् । मतदानको महत्त्वबारे ज्ञान नहुँदा नामावली दर्ता गर्न सदरमुकाम किन धाइरहने भन्ने पनि हुन सक्छ । निर्वाचन आयोगले पनि गाउँ-गाउँ गएर नाम दर्ता गर्दैन । कारण जेसुकै भए पनि तथ्यांकले देखाएको चित्र चिन्ताको विषय छ । यसले हाम्रो निर्वाचन समावेशितामा प्रश्न उठाइरहेको छ ।'

तर, मतदानमा भने उत्साहजनक उपस्थिति महिलाकै बढी हुने गरेको अनुभव सुनाउँछन् पूर्वप्रमुख निर्वाचन आयुक्त थपलिया । 'मतदाता नामावलीमा पुरुष बढी देखिन्छन्, तर भोटिङमा भने महिलाको उल्लेख्य सहभागिता उत्साहजनक रूपमा देखिन्छ,' उनी भन्छन्, 'मतदानमा सहभागी महिला र पुरुषको तथ्यांक छुट्याएर राख्ने गरिएको त छैन । तर, यो विषयमा राज्यका निकायबाट अध्ययन जरुरी छ ।'

त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन विभागकी उपप्राध्यापक कमला लामिछाने पनि महिलालाई घरायसी काममै सीमित गर्दा मतदाता नामावलीमा नाम दर्ता गराउन छुटेको बताउँछिन् । उनको अनुभवमा पनि मतदान गर्ने उत्साह भने पुरुषमा भन्दा महिलामा बढी देखिन्छ ।

'महिला विवाह गरेर अर्को ठाउँमा जान्छन् । उनीहरू घरायसी काममै केन्द्रित हुन्छन् । उनीहरूको थप समय सीमित हुन्छ । जसकारण राजनीतिमा चासो हुन पाउँदैन । भोटर लिस्टमा नाम लेखाउन पनि जाँदैनन्,' लामिछाने भन्छिन्, 'तर, भोट दिन जाने भने महिला नै बढी देखिन्छन् । मतदाता नामावलीमा नाम भएकाहरूको हकमा अधिकांश भोट दिन गएको पाइन्छ । बरु, मतदान गर्न जाने दर पुरुषको कम छ । किनभने उनीहरू वैदेशिक रोजगारीमा हुन्छन् ।'

महिलामा मताधिकारबारे चेतना जगाउने र उनीहरूलाई मतदाता बनाउने प्रमुख जिम्मेवारी राज्यकै रहने उपप्राध्यापक लामिछानेको सुझाव छ । 'तीनै तहका सरकारबाट महिलाको अधिकारबारे सशक्तीकरण गर्नुपर्‍यो । उनीहरूलाई आफ्नो अधिकारबारे थाहा दिनुपर्‍यो,' उनी भन्छिन्, 'भोटर लिस्टमा आफैँ नाम लेखाउने कम छन् । सरोकारवाला निकायले भोटर लिस्टमा नाम लेखाएर मतदान गर्नुस् भनिदिनुपर्‍यो, जागरुक गराउनुपर्‍यो ।'

तथ्यांकले मधेश, पहाडी र हिमाली जिल्लामा महिला मतदाता न्यून देखाउँछ । विश्लेषक इन्द्र अधिकारी पनि धेरै जनसंखया भएको मधेशमै महिला मतदाता न्यून हुनु चिन्ताको विषय भएको बताउँछिन् । 'सहरी र सुगम क्षेत्रमा मात्रै महिला मतदाता उल्लेख्य देखिन्छन् । मधेश, पहाडी र हिमाली जिल्लामा निकै कम छन्,' अधिकारी भन्छिन्, 'गाइभैँसीदेखि बालबच्चा र बुढापाकासम्मको हेरचाह गर्ने जिम्मेवारी अहिले पनि महिलाकै काँधमा छ । उनीहरू यस्तो बाध्यतामा छन् कि एकछिन् पनि घर छोड्न मिल्दैन ।'

राजनीतिक चेत, सक्रियता, चासो, चिन्तन र सोचका हिसाबले पनि महिलाहरू पुरुषभन्दा पछाडि रहेको विश्लेषक अधिकारी बताउँछिन् । 'दलीय राजनीतिमा संलग्न हुँदा पो मतको भ्यालु थाहा हुन्छ । अर्कोतिर, महिलालाई यसबारे सुसूचित पनि गराइएन । चेतनास्तर त्यो हिसाबले विकसित हुने अवसर नपाएको हुनाले भोट हाल्ने कुरा गौण हुन्छ । मतको भ्यालु नै थाहा नभएपछि मतदाता नामावलीमा नाम दर्ता भएन,' उनी भन्छिन्, 'भोट हालेर केक नै हुने हो र भन्ने भयो । आफैँ राजनीतिमा संलग्न नहुँदा यसलाई जिताउँला भन्ने पनि भएन । कतिपयमा त राजनीतिप्रति घृणा जागेर पनि नामावली दर्ता नगरेको पाइन्छ ।'

मतदाता नामावलीका लागि अनलाइन फाराम भर्ने सुविधा पनि छ । तर, घसायसी काममै केन्द्रित अधिकांश महिला यसमा पनि अभ्यस्त भइनसकेको र इन्टरनेटको पहुँच नभएको अधिकारी बताउँछिन् । महिलाको सशक्तीकरणका लागि राज्यका निकाय र संघ-संस्थाहरूको कामकारबाहीमाथि प्रश्न उठाउँछिन् उनी । 'यति धेरै बजेट खर्च भएको छ । तर, महिलाहरूको मतदाता नामावलीमा नाम नै इन्ट्री नहुने भनेको संस्थाहरू जवाफदेही नभएको र रिपोर्टमा मात्र प्रोग्रेस भएको देखिन्छ,' अधिकारी भन्छिन्, 'राज्यले नै इनिसियटिभ लिनुपर्ने हो । वडामै तथ्यांक हुन्छ, किन आएनन् भनेर हेर्नुपर्ने हो । यतातिर राज्यको ध्यान जानुपर्छ ।'

६५ निर्वाचन क्षेत्रमा महिला मतदाता बढी

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभाका १६५ निर्वाचन क्षेत्रमध्ये ६५ क्षेत्रमा मात्रै महिला मतदाताको संख्या बढी छ । १०० निर्वाचन क्षेत्रमा पुरुष मतदाता बढी छन् ।

महिला मतदाता बढी भएका ६५ निर्वाचन क्षेत्रमा झापा ५ मा ८२ हजार २९६ महिला छन् । मोरङ १ मा ६५ हजार ५३, मोरङ ३ मा ८० हजार ८८३, सुनसरी १ मा ७८ हजार २१२, सुनसरी २ मा ७९ हजार ५७० महिला छन् ।

सबैभन्दा धेरै जनसंख्या र निर्वाचन क्षेत्र भएको मधेशमा एउटा पनि निर्वाचन क्षेत्रमा महिला मतदाताको संख्या बढी छैन ।

काठमाडौं १ मा २५ हजार २५२, काठमाडौं २ मा ४५ हजार ३१५, काठमाडौं ३ मा ३२ हजार ९२३, काठमाडौं ४ मा ३९ हजार ५९९, काठमाडौं ५ मा ४० हजार ८३२, काठमाडौं ६ मा ३४ हजार ९५६, काठमाडौं ७ मा ३४ हजार ७३८, काठमाडौं ८ मा २९ हजार ८९८, काठमाडौं ९ मा ४० हजार २७८, काठमाडौं १० मा ४२ हजार ७१६ महिला छन् ।

भक्तपुर १ मा ५४ हजार ९८८, भक्तपुर २ मा ५० हजार २७७, ललितपुर १ मा ३८ हजार ८९७, ललितपुर २ मा ४५ हजार ७८४, ललितपुर ३ मा ५३ हजार २६, चितवन १ मा ७५ हजार ८६०, चितवन २ मा ६९ हजार २९४, चितवन ३ मा ७९ हजार ६१२ महिला मतदाता छन् ।

मनाङ १ मा ३ हजार ६२३, लमजुङ १ मा ६९ हजार ५२४ सय, कास्की १ मा ६० हजार ७९८, कास्की २ मा ४४ हजार ३४०, कास्की ३ मा ५५ हजार १५, तनहुँ १ मा ६५ हजार १०४, तनहुँ २ मा ६५ हजार ८०२, स्याङ्जा १ मा ६६ हजार ११०, स्याङजा २ मा ६० हजार २४१, नवलपरासी पूर्व १ मा ७१ हजार ९८, नवलपरासी पूर्व २ मा ६८ हजार ३७०, मुस्ताङ १ मा पाँच हजार ७६८, म्याग्दी १ मा ४४ हजार ६४, बागलुङ १ मा ५० हजार ३६९, बागलुङ २ मा ४८ हजार २०५, पर्वत १ मा ६२ हजार ८६५ महिला मतदाता छन् ।

गुल्मी १ मा ६२ हजार २७२, पाल्पा १ मा ५० हजार २६५, पाल्पा २ मा ५५ हजार २७८, रुपन्देही २ मा ७० हजार ७९३, रोल्पा १ मा ७४ हजार ९०७, प्युठान १ मा ८४ हजार ३९, दाङ २ मा ७२ हजार ४०६, दाङ ३ मा ७६ हजार ४५१, बाँके १ मा ६२ हजार ३६७, बाँके ३ मा ५८ हजार ६८९, बर्दिया १ मा ८४ हजार २२७, बर्दिया २ मा ७९ हजार ६४६ महिला मतदाता छन् । डोल्पा १ मा १२ हजार १८७, दैलेख १ मा ३९ हजार ८७७, सुर्खेत १ मा ६२ हजार ५०६, सुर्खेत २ मा ६४ हजार ५४८ महिला छन् । अछाम १ मा ४२ हजार ३५, डोटीमा ६६ हजार ८२१, कैलाली १ मा ५५ हजार ६३३, कैलाली २ मा ५५ हजार ८६, कैलाली ३ मा ५४ हजार ८८४, कैलाली ४ मा ५८ हजार ७३६, कैलाली ५ मा ५५ हजार ९०४, कञ्चनपुर १ मा ५१ हजार ५८८, कञ्चनपुर २ मा ५६ हजार १२८ र कञ्चनपुर ३ मा ५२ हजार ६०० महिला मतदाता छन् । अन्य सय निर्वाचन क्षेत्रमा पुरुष मतदाताको वर्चस्व छ ।

अब चुनावपछि...

पृष्ठ १ बाट क्रमशः

आयोगको समयावधि थप गरिएको बताए । 'भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक तथा मानवीय क्षतिको यथार्थ छानबिन गर्न गठित जाँचबुझ आयोगको म्याद २५ दिन थप गरिएको हो,' उनले भने ।

सरकारले गत ५ असोजमा २३ र २४ भदौमा भएका घटनाको छानबिनका लागि विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । ९ असोजदेखि कार्यारम्भ गरेको आयोगको प्रारम्भिक अवधि तीन महिना तोकिएको थियो ।

आयोगले यस अवधिमा तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका तत्कालीन आइजी चन्द्रकुवेर खापुङलगायत उच्चपदस्थ व्यक्तिहरूको भूमिका पहिचान गर्ने, २३ भदौको आन्दोलन र गोली प्रहारसम्बन्धी घटना छानबिन गर्ने तथा २४ भदौको आगजनी घटनाको स्थलगत अध्ययन गर्ने काम गरेको थियो ।

पूर्वप्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकको बयान लिन बाँकी रहेपछि सरकारले आयोगको म्याद पहिलोपटक एक महिना थप गरेको थियो । त्यसअनुसार आयोगले ९ माघसम्म प्रतिवेदन बुझाउनुपर्ने थियो । तर, सो अवधिमा पनि प्रतिवेदन तयार हुन नसकेपछि दोस्रोपटक २० दिन म्याद थप गरिएको थियो, जसको अवधि २९ माघमा सकिँदै छ । तर, त्यस अवधिभित्र पनि प्रतिवेदन पेस गर्न नसकिने देखिएपछि सरकारले तेस्रोपटक २५ दिन म्याद थप गरेको हो ।

आयोगका प्रवक्ता विज्ञानराज शर्माले अझै केही थप तथ्य संकलन आवश्यक देखिएकाले म्याद थपको प्रस्ताव गरिएको बताए । 'प्रतिवेदन लेखन अन्तिम चरणमा पुगेको छ । तर, केही घटनाको थप अध्ययन र नयाँ ढंगले छानबिन गर्नुपर्ने देखियो । त्यसैले म्याद थपको प्रस्ताव गरिएको हो,' उनले भने, 'सोही प्रस्तावअनुसार २५ दिनको म्याद थप भएको बुझिएको छ ।'

निर्वाचनको माहोल नबिथोल्ने रणनीति

निर्वाचन अन्तिम-अन्तिम चरणमा पुगेको वेला आयोगको प्रतिवेदन आउँदा हुन सक्ने सम्भावित टकराव, आरोप-प्रत्यारोप र बन्न सक्ने चुनावी एजेन्डालाई लिएर सरकारले 'सावधानीपूर्ण' कदम चालेको देखिएको छ । सबै दल आ-आफ्नो निर्वाचन क्षेत्रमा प्रचार-प्रसारमा छन् । निर्वाचन गराउने तयारीस्वरूप सरकारले आवश्यक सुरक्षा तथा बन्दोबस्तीका सम्पूर्ण व्यवस्था मिलाइएको दाबी गर्दै आएको छ ।

तर, यहीवेला आयोगको प्रतिवेदन सार्वजनिक भए हालसम्म बनेको चुनावी माहोल बिथोलिन सक्ने सरकारको आन्तरिक बुझाइ रहेको गृह स्रोतको दाबी छ । 'प्रतिवेदन लेखन लगभग सकिएको छ । बाँकी विषय केही प्राविधिक मात्रै हुन् । तर, यहीवेला प्रतिवेदन पेस भए त्यसलाई सार्वजनिक गर्न दबाब पर्छ, जसले चुनावी वातावरण प्रभावित हुन सक्छ । त्यसैले प्रतिवेदन चुनावपछि मात्र ल्याउने रणनीति अपनाइएको जस्तो देखिन्छ,' गृह स्रोतले नयाँ पत्रिकासँग भन्यो ।

यद्यपि, प्रधानमन्त्री सुशीला कार्कीका प्रेस सल्लाहकार रामबहादुर रावलले आयोगको म्याद कसैको दबाब वा प्रभावमा नभई आयोगकै अनुरोधमा थप गरिएको बताए । 'म्याद थपलाई लिएर विभिन्न अड्कलबाजी भइरहेका छन् । तर, आयोगकै सदस्यहरूले थप समय आवश्यक भएको प्रस्ताव गरेका हुन् । सोही प्रस्तावअनुसार सरकारले म्याद थप गरेको हो,' उनले भने ।

२३ र २४ भदौमा भएको घटना सम्बन्धलाई लिएर राजनीतिक दलबिच फरक-फरक बुझाइ छन् । तत्कालीन सत्तारूढ दल एमाले र कांग्रेसले आन्दोलनमा घुसपेठ भएको बताउँदै आएका छन् । रास्वपासहितका केही शक्ति भने २३ भदौको मानवीय क्षतिको जिम्मेवार तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र सुरक्षा अधिकारी रहेको भन्दै कारबाही हुनुपर्ने पक्षमा छन् ।

विपरीत धारणा बोकेका दलहरू अहिले चुनावी प्रतिस्पर्धामा छन् । यस्तो अवस्थामा आयोगको प्रतिवेदन सार्वजनिक भए एक वा दुवै पक्ष असन्तुष्ट हुन सक्ने र त्यसले सरकार, आयोग र राजनीतिक दलहरूबिच टकराव निम्त्याउने जोखिम रहेको गृह स्रोतको दाबी छ ।

हिमालयन हाईड्रोपावर लिमिटेड
Himalayan Hydropower Limited
Buddhanagar-10, Kathmandu, Nepal, Phone No.: 01-4796641
Email: himalayanhydro2021@gmail.com Website: www.hhpl.com.np

Unaudited Statement of Financial Position (Quarterly)
As on 30 Poush 2082 (14 January 2026)

Particulars	As at 30 Poush 2082 (Current Quarter Unaudited)	As at 31 Asoj 2082 (Previous Quarter Unaudited)	As at 29 Poush 2081 (Previous Year Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, plant & equipment (Net block)	10,699,350	11,123,820	11,610,678
Intangible Assets (Hydropower Project Assets)	2,109,292,411	2,133,261,643	2,205,169,339
Total Non-Current Assets	**2,119,991,761**	**2,144,385,464**	**2,216,780,017**
CURRENT ASSETS			
Trade and other receivables	49,537,227.04	72,032,726	46,313,222
Prepayments	1,816,716.67	4,246,347	1,733,853
Loan and advances	42,847,831.00	42,597,815	46,201,251
Cash and cash equivalents	44,981,450.77	15,022,281	2,355,956
Total Current Assets	**139,183,225**	**133,899,169**	**96,604,282**
TOTAL ASSETS	**2,259,174,987**	**2,278,284,633**	**2,313,384,299**
EQUITY & LIABILITIES			
EQUITY			
Share Capital	1,095,000,000	1,095,000,000	1,095,000,000
Retained Earnings	(182,317,675)	(205,029,639)	(250,539,877)
Total Equity	**912,682,325**	**889,970,361**	**844,460,123**
LIABILITIES			
NON-CURRENT LIABILITIES			
Loans and borrowings	1,306,889,508	1,306,889,508	1,420,423,721
Trade and other payables	2,069,734	2,219,734	0
Total Non-Current Liabilites	**1,308,959,242**	**1,309,109,242**	**1,420,423,721**
CURRENT LIABILITIES			
Loans and borrowings	31,302,386.98	61,684,116	19,134,141
Trade and other payables	6,231,031.63	17,520,912	29,366,315
Total Current Liabilites	**37,533,419**	**79,205,028**	**48,500,456**
Total Liabilites	**1,346,492,661**	**1,388,314,270**	**1,468,924,177**
TOTAL EQUITY & LIABILITIES	**2,259,174,987**	**2,278,284,633**	**2,313,384,299**

Unaudited Statement of Profit or Loss and other Comprehensive Income (Quarterly)
For the period ended 30 Poush, 2082

Particulars	As at 30 Poush 2082 (Current Quarter Unaudited)	As at 31 Asoj 2082 (Previous Quarter Unaudited)	Up to 29 Poush 2081 (Previous Year Unaudited)
Revenue	**187,144,762**	**106,577,205**	**192,128,134**
Cost of Sales			
Amortization on project Assets	47,938,464	23,969,232	47,938,464
Other Direct Costs	20,908,074	15,340,789	15,683,923
Gross Profit	**118,298,225**	**67,267,185**	**128,505,747**
Net Construction Revenue (As per IFRIC 12)			
Administrative Expenses	13,750,804	6,957,561	11,715,815
Depreciation and amortisation	848,941	424,470	666,345
Operating Profit	**103,698,479**	**59,885,153**	**116,123,588**
Finance Income			-
Finance Costs	44,652,760	23,551,397	62,025,289
Staff Bonus	-	-	-
Other Income	-	-	900,070
Profit before Bonus, CSR & tax	**59,045,719**	**36,333,755.47**	**54,998,368.44**
Staff Bonus	-	-	-
CSR	-	-	-
Profit before tax	**59,045,719**	**36,333,755**	**54,998,368**
Income Tax Expenses	-	-	-
Current tax	-	-	-
Previous Year Tax	-	-	-
Provisions for Interest	-	-	-
Deferred tax income/(expense)	-	-	-
Profit for the period	**59,045,719**	**36,333,755**	**54,998,368**
Other comprehensive income	-	-	-
Total Comprehensive income	**59,045,719**	**36,333,755**	**54,998,368**

Note : *The figures are regrouped and rearranged where necessary.*
Financial Statements are prepared in accordance with the applicable Nepal Financial Reporting Standards (NFRS).

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची-१४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व.२०८२/२०८३ को दोश्रो (पौष मसान्त सम्मको) त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
(क) आ.व.२०८२/२०८३ को दोश्रो त्रैमासिक अवधि सम्मको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।
(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरुः**

प्रति शेयर आम्दानी वार्षिक : ५.३९	मूल्य आम्दानी अनुपात P/E Ratio : ६१.२०	प्रति शेयर नेटवर्थ : ८३.३५
प्रति शेयर कुल सम्पत्तिको मूल्य : २०६.३२	तरलता अनुपात सम्बन्धी विवरण : ३.७१	

२. **व्यवस्थापकीय विश्लेषणः**
(क) यस त्रैमासिकमा कम्पनिको खातामा नियमित विद्युत विक्रीबाट आय प्राप्त भएको छ । यस अवधिमा घट्दो ब्याज दरका कारण ब्याज खर्च कम भएको हुँदा यस त्रैमासिकमा कम्पनीको नाफा सन्तोषजनक रहेको छ ।
(ख) आगामी अवधिमा पनि यस कम्पनीको नामार्जुन मादी जलविद्युत आयोजना १२ मे.वा. को व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरि अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने र हकप्रद शेयर जारी गरी संकलन भएको रकम आवधिक कर्जा तिरी ब्याज खर्च घटाउने योजना रहेको छ ।
(ग) बाढी पहिरो जस्तो काबु भन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना घटेमा सोको निराकरणका लागि सम्भावित सवै जोखिम बहन गर्नको लागि बिमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गरिएको छ ।
(घ) श्री विद्युत नियमन आयोगबाट १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्न अनुमति पत्र प्राप्त भएको छ । श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट पुँजी वृद्धि सहितको प्रवन्धपत्र तथा नियमावलीमा भएको संशोधन स्विकृत हुने प्रकृयामा रहेको हुँदा तहाँबाट स्विकृति प्राप्त हुनासाथ विवरण पत्र नेपाल धितोपत्र बोर्डमा पेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्विकृति प्राप्त भए पछी हाल कायम चुक्ता पुँजी बराबरको रकम आवधिक कर्जा तिरे पछी कम्पनी मुनाफा वितरण गर्न सक्षम हुन सक्नेछ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरणः** यस अवधीमा यस कम्पनिले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गरे गराएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः** धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोवार निम्नानुसार भएको छ ।

अधिकतम मूल्य (रु.) ३६०.००	न्यूनतम मूल्य (रु.) ३१७.००	समिक्षा अवधिको अन्तिम मूल्य (रु.) ३३०.००
कुल कारोबार संख्या ९,००९	कुल कारोबार दिन ५५	कूल कारोबार शेयर संख्या १६,५६,४६०

५. **समस्या तथा चुनौती** : संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह ब्याज खर्च सञ्चालन खर्चहरु नै रहेका छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समीक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासन** : यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ ।

७. **वातावरणीय असर सम्बन्धमाः** यस कम्पनीको नामार्जुन मादी जलविद्युत आयोजना १२ मे.वा. निर्माणका क्रममा परिमार्जित EIA प्रतिवेदन मिति २०६६।९।६ मा स्वीकृत हुँदा तोकिएको संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरु निर्माण एंव संचालन सम्बन्धि कार्यनीति, २०६५बमोजिम तोकिएका नदीमा जलप्रवाह कम्तिमा १० प्रतिशत रहनु पर्ने लगायतका सबै विवरणहरु पालना गरिएको छ । साथै स्थानीय तहका निकाय तथा कार्यालयले माग गरेका सवै विवरणहरु समय मै पेश तथा जानकारी गराईएको छ ।

८. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्धोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखि तजानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्‌घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

मतदातालाई...

पृष्ठ १ बाट क्रमशः

'आममतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्न खोजिएको छ,' आयोग प्रवक्ता भट्टराईले भने, 'यससँगै मतदानको कार्यमा आममतदाताको सहभागिता अभिवृद्धि र बदर मतको संख्या न्यूनीकरण गर्नु पनि यस कार्यक्रमको उद्देश्य छ ।'

भट्टराईका अनुसार मतदाता शिक्षाका लागि आमसञ्चारमाध्यम, सामाजिक सञ्जाल र स्वयंसेवक परिचालन गरिनेछ । देशभरका नगरपालिका तथा गाउँपालिकाका जम्मा ६,७४३ वडामा ३-१७ फागुनसम्म मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिने उनले बताए ।

'कार्यक्रमबाट मतदाताले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्त्व, निर्वाचन आचारसंहिता तथा गलत एवं भ्रामक सूचनाबाट बच्ने उपायबारे जानकारी प्राप्त गर्नेछन्,' उनले भने, 'योसँगै आमसञ्चारमाध्यम तथा आमपहुँचका कार्यक्रमबाट पनि मतदाता शिक्षा र निर्वाचन प्रचार-प्रसार व्यापक र प्रभावकारी बनाइनेछ ।'

स्थानीय तहको सहभागिता र समुदायको प्रत्यक्ष संलग्नतामार्फत सञ्चालन हुने यो कार्यक्रमले समावेशी सिद्धान्तबमोजिम प्रभावकारी मतदाता शिक्षा प्रवर्द्धन हुने भट्टराईको भनाइ छ ।

मतदाता शिक्षाका लागि आयोगले आवश्यक तयारी गरिसकेको छ । मतदाता शिक्षाका लागि २५ करोड बजेट विनियोजन गरिएको छ । मतदाता शिक्षा तथा तालिम सामग्रीको तयारी र उत्पादन १६ माघमा भइसकेको छ । मतदाता शिक्षासम्बन्धी मुख्य प्रशिक्षकलाई प्रशिक्षण १७ र १८ माघमा भइसकेको छ । मतदाता शिक्षा तालिम प्रदेशस्तरमा २० र २१ गते भइसकेको छ । मतदाता शिक्षा सामग्री निर्वाचन कार्यालयमा ढुवानी २६ माघमा भइसकेको छ । अब जिल्लास्तरीय मतदाता शिक्षा कार्यकर्ताको नियुक्ति २८ गते, जिल्लास्तरीय मतदाता शिक्षा कार्यकर्ता तालिम २९ गते र मतदाता शिक्षा कार्यक्रम सञ्चालन (निर्वाचन शिक्षा कार्यकर्ता परिचालन) ३ देखि १७ फागुनसम्म गर्ने कार्यतालिका छ ।

कसरी सञ्चालन हुन्छ ?

आयोगबाट स्वीकृत विशेष कार्यक्रमअनुसार मतदाता शिक्षा कार्यक्रमका लागि स्वयंसेवकलाई घरदैलो तथा विद्यालयस्तरमा परिचालन गरिनेछ । आयोगले आमसञ्चार तथा सामाजिक सञ्जालबाट पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ ।

मतदाता शिक्षाका लागि स्थानीय तहका सबै वडामा एक-एकजना योग्य र अनुभवी स्वयंसेवक नियुक्त गरिने प्रवक्ता भट्टराईले बताए । नियुक्त भएका स्वयंसेवकहरू कार्यक्रम सञ्चालन गर्न आफ्नो वडाभित्रका विद्यालय र घरधुरीसम्म पुग्नुपर्ने भनिएको छ । आममतदातालगायत राज्यको मूलप्रवाहबाट पछि परेका वर्ग, लिंग, समुदाय र क्षेत्रका मतदाताहरूको निर्वाचनसम्बन्धी सचेतना अभिवृद्धिका लागि स्थानीय स्वयंसेवकहरूले बुझ्ने भाषामा मतदाता शिक्षा प्रदान गर्नुपर्ने पनि भनिएको छ ।

स्वयंसेवकले निर्वाचन प्रचारसम्बन्धी पर्चा, ब्रोसर तथा नमुना मतपत्रको माध्यमबाट मतदातालाई मतदान प्रक्रियासम्बन्धी सही सूचना दिनुपर्ने भनिएको छ । स्वयंसेवकलाई १० हजार पारिश्रमिक व्यवस्था गरिएको छ ।

आमसञ्चार र सामाजिक सञ्जालको पनि प्रयोग, 'म निर्वाचनमा सहभागी हुन्छु' अभियान चलाइने

आयोगले मतदाता शिक्षासम्बन्धी कार्य थप व्यवस्थित र विश्वसनीय बनाउन निर्वाचन अवधिभर निर्वाचनसम्बन्धी आधिकारिक सूचना तथा जानकारी आमसञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत व्यवस्थित रूपमा प्रवाह गर्ने कार्ययोजना बनाएको छ । प्रवक्ता भट्टराईका अनुसार सत्यतथ्य सूचनाको सम्प्रेषण, सामाजिक सञ्जालको सही उपयोग, मतदाता शिक्षा, निर्वाचन सचेतना तथा प्रचारका तीनवटा कार्य गरिनेछ ।

पहिलो- आयोगले प्रवाह गर्ने निर्वाचनसम्बन्धी सूचना तथा जानकारी लक्षित वर्गसम्म उपयुक्त समयमा सहज रूपमा पुर्‍याउने, दोस्रो- निर्वाचन प्रचार-प्रसार तथा मतदाता शिक्षामा सञ्चार संस्था, सञ्चारगृह र आमसञ्चार माध्यमसँगको साझेदारी अभिवृद्धि गर्ने तथा तेस्रो- निर्वाचनसम्बन्धी सूचना सम्प्रेषण र मतदाता शिक्षाका लागि सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्ने रहेको छ ।

सबैखाले सञ्चारमाध्यमबाट निर्वाचनसम्बन्धी सन्देशमूलक अडियो, भिडियो सामग्री प्रकाशन तथा प्रसारण गरिनेछ । फेसबुक, युट्युबलगायत सामाजिक सञ्जालबाट सन्देश प्रसारण गरिनेछ । मोबाइल तथा ल्यान्डलाइन फोनमा कलररिङ ब्याक टोन (सिआरबिटी) र एसएमएस व्यवस्था गरिनेछ । राष्ट्रपति, प्रधानमन्त्रीलगायत ख्यातिप्राप्त व्यक्तिबाट म निर्वाचनमा सहभागी हुन्छु अभियान चलाइनेछ । यसबाहेक आयोगले देशभरका रणनीतिक ठाउँमा आवश्यकताअनुसार नमुना मतदान कार्य सञ्चालन गर्ने प्रवक्ता भट्टराईले बताए । मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन र अनुगमनका लागि निर्वाचन अधिकारीको संयोजकत्वमा चारसदस्यीय अनुगमन समिति पनि रहनेछ ।

स्वयंसेवकका १२ काम

स्वयंसेवकका लागि १२ वटा काम तोकिएको छ । पहिलो- आफूलाई तोकिएको वडा क्षेत्रभित्रका प्रत्येक विद्यालय तथा प्रत्येक बस्तीमा भ्रमण गरी घरदैलो कार्यक्रम सञ्चालन गर्ने भनिएको छ । दोस्रो- विद्यालयमा बालबालिकाहरूलाई मतदानको महत्त्व र मतदान गर्ने सही तरिका आफ्ना अभिभावकहरूलाई सिकाउन विद्यालयका प्रधानाध्यापकको अनुमति लिई संक्षिप्त नागरिक शिक्षा सञ्चालन गर्ने भनिएको छ । तेस्रो- नमुना मतपत्र देखाएर घरमा उपलब्ध भएका मतदातालाई मतदान गर्ने सही तरिकाको जानकारी गराउने रहेको छ । चौथो- आयोगले प्रयोगमा ल्याएका सामाजिक सञ्जालबारे मतदातालाई जानकारी र आबद्धता गराई यसको प्रयोग गर्न सिकाउने भनिएको छ ।

यस्तै, पाँचौँ- निर्वाचन आचारसंहितामा भएका मतदाताले पालना गर्नुपर्ने मुख्य-मुख्य व्यवस्थाबारे मतदातालाई जानकारी गराउने भनिएको छ । छैटौँ- सामाजिक सञ्जालको प्रयोग गर्दा निर्वाचनसम्बन्धी विषयमा फैलिन सक्ने गलत वा भ्रामक सूचना, दुष्प्रचार द्वेषपूर्ण अभिव्यक्तिबारे जानकारी गराउने भनिएको छ । सातौँ- निर्वाचन र मतदान प्रक्रिया सम्बन्धमा मतदाताका प्रश्न, जिज्ञासा र गुनासाको सही र स्पष्ट जवाफ दिने भनिएको छ । आठौँ- आफ्नो वडा क्षेत्रभित्र भएका सबै घरधुरीमा भ्रमण गर्ने र मतदाता शिक्षाको पहुँच कम भएका लक्षित मतदाताहरूको बसोबास पहिचान गरी यस्ता क्षेत्रका घरधुरीमा प्राथमिकता दिएर भ्रमण गर्ने भनिएको छ ।

नवौँ- आफूले सञ्चालन गर्ने कार्यको दैनिक कार्यतालिका बनाई सोबमोजिम भ्रमण गर्ने क्षेत्रको सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट पूर्वजानकारी दिएर भ्रमण गर्ने, १०औँमा आफूले सञ्चालन गरेका कार्यक्रमको दैनिक फोटो तथा छोटो भिडियो बनाई अनुगमनकर्ता र समन्वयकर्तालाई पठाउने भनिएको छ । ११औँमा मतदाताले राखेको प्रश्नमा कुनै द्विविधा वा अलमल भएमा अनुगमनकर्ता वा समन्वयकर्ता वा आयोगको कल सेन्टर ११०२ वा सूचना अधिकारीसँग सम्पर्क गरी सही समाधानसहितको जवाफ दिने र १२औँमा मतदाता शिक्षा स्वयंसेवकले प्रत्येक दिनको कार्यसहितको विवरण भएको प्रतिवेदन अनुगमनकर्तामार्फत निर्वाचन कार्यालयमा उपलब्ध गराउने भनिएको छ ।

स्वयंसेवक परिचालनका लागि निर्वाचन कार्यालयले अनुगमनकर्ता तोक्नुपर्ने भनिएको छ । अनुगमनकर्ताले आफ्नो पालिकामा तोकिएको स्वयंसेवकलाई कार्यक्रम सञ्चालन गर्न आवश्यक सहजीकरण र स्वयंसेवकहरूले दैनिक सञ्चालन गर्ने कार्यक्रमको अनुगमन गरी समन्वयकर्तालाई प्रतिवेदन दिने भनिएको छ ।

यसैगरी, मतदाता शिक्षा कार्यक्रमको समन्वयका लागि निर्वाचन अधिकारीले आफ्नो कार्यालयको एकजना राजपत्र अनंकित प्रथमस्तरको कर्मचारीलाई समन्वयकर्ता तोक्नुपर्ने भनिएको छ । समन्वयकर्ताले स्वयंसेवकसँग नियमित समन्वय र सम्पर्क गर्ने भनिएको छ ।

पूर्वगोर्खा...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रपति पौडेलले 'पूर्वब्रिटिस गोर्खाका केही जायज गुनासा सम्बोधन गर्न कूटनीतिक तहमा छलफल भइरहेको र यसलाई द्विपक्षीय संयन्त्रकै माध्यमबाट टुंगोमा पुर्‍याउनु उपयुक्त हुने' बताएका छन् । साथै, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाल र बेलायतले विकास, मानव कल्याण र शान्तिसँग सम्बन्धित विषयमा सहकार्य गर्दै आएको तथा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमार्फत विश्वशान्ति स्थापनामा समान धारणा राख्दै आएकोसमेत राष्ट्रपति पौडेलले उल्लेख गरेका छन् ।

भूतपूर्व गोर्खा सैनिकलाई बेलायतीसरह पेन्सनलगायत सुविधा उपलब्ध गराउने विषयमा नेपाल-बेलायतबिच वार्ता हुँदै आए पनि हालसम्म ठोस निष्कर्षमा पुग्न सकेको छैन । सन् १९९७ भन्दा अघि बेलायती सेनाबाट अवकाश पाएका गोर्खा सैनिकहरूले बेलायती सैनिकसरह पेन्सन, कल्याणकारी सुविधा तथा क्षतिपूर्तिको माग गर्दै लामो समयदेखि आन्दोलन गर्दै आएका छन् ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार हाल बेलायतस्थित कार्यवाहक नेपाली राजदूत विपिन दवाडीले यस विषयमा बेलायती अधिकारीहरूसँग चरणबद्ध छलफल गरिरहेका छन् । भूपूगोर्खा सैनिकका प्रतिनिधिसहित विगतमा भएका मन्त्रीस्तरीय वार्तामा बेलायतले कानुनी तथा व्यावहारिक अड्चन देखाउँदै समान पेन्सन दिन नसक्ने अडान राखेपछि उच्चस्तरीय वार्ता अघि बढ्न सकेको थिएन । तर, पेन्सनलगायत विषय एकैपटक वैकल्पिक प्याकेजमार्फत समाधान गर्न सकिने विकल्पमा दुवै देशका अधिकारीबिच छलफल छलफल हुँदै आएको छ ।

भूपूगोर्खा सैनिकका माग समाधानका लागि गठित सुझाव कार्यदलले गोर्खा सैनिकलाई पनि बेलायतीसरह समान पेन्सन र सुविधा उपलब्ध गराउनुपर्ने प्रतिवेदन १८ चैत ०७४ मा नेपाल र बेलायत सरकारलाई बुझाएको थियो । भूपूगोर्खा सैनिकहरूले उक्त प्रतिवेदन कार्यान्वयनमा जोड दिँदै आएका छन् ।

राष्ट्रपति पौडेलले ब्रिटिस गोर्खाले आफ्नो प्रशंसनीय सेवामार्फत नेपाल र बेलायतबिचको द्विपक्षीय सम्बन्ध थप मजबुत बनाएको बताए । बेलायतमा नेपालीहरूको उल्लेखनीय उपस्थितिले दुई देशबिचको जनस्तरको सम्बन्ध अझ सुदृढ बनेको पनि उनको भनाइ थियो ।

प्रदेशकै अंकगणितलाई फेरबदल गर्न सक्छ कैलालीको नतिजाले


सुदूरपश्चिमका १६ मध्ये पाँचवटा निर्वाचन क्षेत्र रहेको कैलालीको नतिजाले प्रदेशमा कुन दल ठुलो हुने भन्ने निर्धारण गर्ने, नयाँ र पुरानाबिच प्रतिस्पर्धा

धनगढीमा **तेजराज भट्ट**

विगतका निर्वाचनको विरासत कायम राख्ने र नयाँ वर्चस्व बनाउने नयाँ-पुराना दलबिचको रक्साकस्सीले कैलालीका पाँचवटै निर्वाचन क्षेत्रमा चुनावी प्रतिस्पर्धा पेचिलो बनेको छ। माघको चिसोमा पनि दल र उम्मेदवारहरूको आक्रामक प्रचारले चुनावी माहोल भने तातेको छ।

सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको कैलाली प्रदेशको अस्थायी र स्थायी राजधानी पनि हो। सुदूरपश्चिमका १६ वटा निर्वाचन क्षेत्रमध्ये पाँचवटा निर्वाचन क्षेत्र रहेको यो जिल्लाको नतिजाले प्रदेशमा कुन दल ठुलो हुने भन्नेसमेत निर्धारण गर्न सक्छ। त्यहीकारण पनि यहाँ दलहरूले घरदैलोसँगै पार्टीको शीर्ष नेतृत्व बोलाएर चुनावी सभा गर्नेलगायत चुनावी प्रचारको रणनीति अपनाएको देखिन्छ।

अहिले उम्मेदवारहरू घरदैलो अभियानमा व्यस्त छन्। कतिपय उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रकेन्द्रित रहेर प्रतिबद्धतापत्र पनि सार्वजनिक गरेका छन्। थारू समुदायको बाहुल्य रहेको कैलालीमा पाँचवटै निर्वाचन क्षेत्रमा प्रमुख दलहरूबिच नै जितका लागि प्रतिस्पर्धा हुने प्रारम्भिक आकलन छ। सुदूरपश्चिमका नौ जिल्लामा १७ लाख १६ हजार ६६० मतदाता रहेको कैलालीमा मात्र पाँच लाख ५१ हजार ५२ मतदाता छन्।



■ कैलाली १ मा विरासत फर्काउने दाउमा कांग्रेस, एमाले र नेकपा

कैलाली १ मा कांग्रेस ०५६ र एमाले २०५१ को विरासत फर्काउने दाउमा छन्। यहाँ त्यसयताका संसदीय चुनाव यी दुई दलले जितेका छैनन्। नागरिक उन्मुक्ति पार्टीसँगको एकीकरणपछि नेकपा बलियो प्रतिस्पर्धी देखिएको छ। थारू मतदाताको बाहुल्य रहेको यो क्षेत्रबाट ०७४ को चुनावमा रेशम चौधरी फरार अवस्थामै निर्वाचित भएका थिए। रेशमको अग्रसरतामा गठित नागरिक उन्मुक्ति पार्टीको गत स्थानीय र संसदीय चुनावमा यहाँ बलियो प्रभाव देखिएको थियो। तर, नागरिक उन्मुक्ति अहिले छिन्नभिन्न अवस्थामा छ। जसको फाइदा उठाउँदै कांग्रेस-एमाले विरासत फर्काउने दाउमा छन्।

नागरिक उन्मुक्ति नेकपामा समाहित हुँदा उसका केही नेता राष्ट्रिय स्वतन्त्र पार्टी र उज्यालो नेपाल पार्टीमा लागेका छन्। रेशमले छुट्टै दल नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गरेका छन्। कांग्रेसले तत्कालीन मधेशी जनअधिकार फोरमबाट २०७० मा संविधानसभा सदस्य निर्वाचित जनकराज चौधरीलाई र एमालेले द्वारिकाप्रसाद न्यौपानेलाई र नेकपाले उम्मेदवार बनाएको छ।

यहाँ कांग्रेस, एमाले, नेकपा र रास्वपाका उम्मेदवार मुख्य प्रतिस्पर्धी देखिएका छन्। यद्यपि, गत चुनावको नजिताका आधारमा कांग्रेस र नेकपा प्रतिस्पर्धामा अगाडि छन्। यो क्षेत्रमा पाँच स्वतन्त्रसहित १७ जना प्रतिस्पर्धामा छन्। गत निर्वाचनमा नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ ३० हजार ४०४ मत पाएर विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी तत्कालीन माओवादीको समर्थनमा कांग्रेसका रामजनम चौधरीले १८ हजार ८१ मत र एमालेका तपेन्द्रबहादुर रावलले पाँच हजार ९१० मत पाएका थिए।

■ कैलाली ५ मा पुरानालाई रास्वपाको चुनौती

प्रदेशको अस्थायी राजधानी र एकमात्र उपमहानगरपालिका पर्ने कैलाली ५ को जितलाई दलहरूको प्रतिष्ठासँग जोडेर हेरिएको छ। यसअघिका उपनिर्वाचनसहित आठवटा संसदीय निर्वाचनमध्ये पाँचपटक कांग्रेस, दुईपटक एमाले र एकपटक माओवादीले जित हासिल गरेको थियो। कांग्रेस अघिल्लो चुनावको जित जोगाउने र एमाले ०७४ को जित फर्काउने दाउमा छ। नेकपा पार्टी एकताको बलमा र रास्वपा युवा पुस्ताको लहरका आधारमा जितको खोजीमा छन्। यसअघि डोटीबाट चुनाव जितेर आएका पूर्वमन्त्री प्रेमबहादुर आले कैलाली झरेका छन्। कांग्रेसले प्रदेश महामन्त्री नरनारायण शाह र एमालेले यज्ञराज ढुंगानालाई उम्मेदवार बनाएको छ। रास्वपाबाट आनन्दबहादुर चन्द प्रतिस्पर्धामा छन्। बौद्धिक व्यक्तित्व चन्द प्राध्यापन छाडेर चुनावी मैदानमा उत्रिएका हुन्। मतदाताले परिवर्तन चाहेकाले यहाँ सहजै जित हासिल गरेर इतिहास रच्ने रास्वपाको दाबी छ। प्रदेशको अस्थायी राजधानी र प्रमुख व्यापारिक केन्द्र धनगढी पर्ने भएकाले यहाँको चुनाव चौतर्फी चासोको विषय बनेको छ। गत चुनावमा तत्कालीन माओवादीको समर्थनमा कांग्रेसका डिल्लीराज पन्त १९९९९ मत ल्याएर निर्वाचित भएका थिए।

■ कैलाली २ मा प्रमुख दलबाट नयाँ प्रतिस्पर्धी

कैलाली २ मा प्रमुख दलबाट उम्मेदवार बनेकाहरू प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नयाँ अनुहार हुन्। कांग्रेसबाट विजयबहादुर स्वाँर, एमालेबाट सूर्यबहादुर थापा, नेकपाबाट नन्दबहादुर साउद चुनावी प्रतिस्पर्धामा छन्। त्यस्तै, रास्वपाले युवा अभियन्ता केपी खनाल र रेशमको नागरिक उन्मुक्ति पार्टी नेपालले पतिराम चौधरीलाई उम्मेदवार बनाएको छ। यो क्षेत्रमा दुई स्वतन्त्रसहित १५ जना उम्मेदवारबिच प्रतिस्पर्धा हुँदै छ।

गत चुनावमा क्षेत्र नम्बर १, २ र ३ मा संघ र प्रदेश दुवैतर्फ नागरिक उन्मुक्ति पार्टीले जित हासिल गरेको थियो। नागरिक उन्मुक्तिका अरुनकुमार चौधरी २१ हजार ८७१ मत ल्याएर निर्वाचित हुँदा निकटम प्रतिस्पर्धी एमालेका झपटबहादुर रावलले १६ हजार १२८ मत पाएका थिए। कांग्रेसको समर्थन पाएका तत्कालीन माओवादीका भगतबहादुर बडुवालले १५ हजार ११६ मत पाएका थिए।

■ कैलाली ३ मा नयाँ र पुराना उम्मेदवारबिच प्रतिस्पर्धा

कैलाली ३ मा कांग्रेस, एमाले र नेकपा नै प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएका छन्। युवाहरूले खोजेको परिवर्तन र पुराना दलप्रतिको वितृष्णाको बलमा रास्वपाले पनि आफूलाई बलियो प्रतिस्पर्धीका रूपमा उभ्याएको छ। थारू मतदाताको बाहुल्य रहेको यो क्षेत्रमा नागरिक उन्मुक्ति पार्टी नेपालको प्रभाव कस्तो रहला भन्ने विषय आमचासो छ।

एमालेले पूर्वमाओवादी नेता गौरीशंकर चौधरीलाई यसपटक पनि उम्मेदवार बनाएको छ। ०७० र ०७४ मा यो क्षेत्रमा माओवादीबाट निर्वाचित चौधरी गत चुनावमा एमालेबाट उम्मेदवार बनेर पराजित भएका थिए। कांग्रेसले जिल्ला उपसभापति भीमबहादुर बडुवाल र नेकपाले पूर्वप्रदेश सभा सदस्य वीरमान चौधरीलाई उम्मेदवार बनाएको छ। रास्वपाबाट जगतप्रसाद जोशी र नागरिक उन्मुक्ति नेपालबाट विक्रम चौधरी प्रतिस्पर्धामा छन्।

■ कैलाली ४ मा विरासत फर्काउन खोज्दै एमालेका भट्ट

यो क्षेत्रमा एमाले उपमहासचिव लेखराज भट्ट प्रमुख दलबाट संसदीय चुनावको पहिलो अनुभव लिइरहेका उम्मेदवारसँग प्रतिस्पर्धा गर्दै छन्। ०६४ यताका संसदीय चुनावमा क्षेत्र नम्बर ४ बाट जितहार व्यहोर्दै आएका उनी यसपटक विरासत फर्काउने दाउमा छन्। ०६४ र ०७४ चुनावमा जित हासिल गरेका पूर्वमाओवादी नेता भट्ट ०७० कांग्रेसका दीर्घराज भाटसँग पराजित भएका थिए। गत चुनावमा एमाले उम्मेदवार भट्टलाई कांग्रेसकै वीरबहादुर बलायरले पराजित गरे। अहिले कांग्रेसले गोरखबहादुर विष्टलाई उम्मेदवार बनाएको छ।



पक्षविपक्ष नभनेर चुनावमा खटिएका छौं

केशवराज मिश्र, सचिव, कांग्रेस कैलाली

पार्टीमा विशेष महाधिवेशनलाई लिएर पक्षविपक्षको स्थिति थियो। चुनावका वेला पक्षविपक्ष भन्ने देखिएको छैन। दुवै पक्ष मिलेर अघि बढेका छौं। टिकट वितरणमा पनि पार्टीमा दुवै पक्षको सन्तुलन मिलाइएको छ। कांग्रेसलाई परिवर्तित पार्टीको रूपमा स्थापित गरेका छौं। कार्यकर्तामा पनि पार्टीमा पछिल्ला घटनाक्रमलाई स्वीकार गरेर जानुपर्छ भन्ने भावना देखिन्छ।



देश जोगाउन एमाले चाहिन्छ भनिरहेका छौं

चूडामणि भट्ट, उपसचिव, एमाले कैलाली

निर्वाचन क्षेत्रस्तरीय निर्वाचन परिचालन समिति गठन र वडास्तरीय सम्पर्क कार्यालय खोल्ने काम सकेर जनवर्गीय संगठनका भेलाहरू, वडा भेलाहरू गर्दै छौं। हाम्रा उम्मेदवारहरूले आफ्नो क्षेत्रका प्रतिबद्धतापत्र सार्वजनिक गर्दै छन्। उम्मेदवारमा युवालाई प्राथमिकता दिएका छौं। देश जोगाउन एमालेलाई स्थापित गराउनु पर्छ भनिरहेका छौं र जनताले यो बुझेका पनि छन्।



नेकपाप्रति जनतामा आशा र उत्साह छ

लाजुराम चौधरी, नेता, नेकपा

नेकपामा आबद्ध सबै घटकहरूका सबै तहका संगठन चुनावमा होमिएका छन्। नेपाली कम्युनिस्ट पार्टीलाई लिएर मतदातामा उत्साह पाएका छौं। हामी देशमा परिवर्तनको नेतृत्व गरेको शक्ति हौं। देशको विकास, समृद्धि, राष्ट्रियता र जनजीविकाका मुद्दाहरू लिएर जनतामाझ गएका छौं।



रास्वपाको पक्षमा जनलहर छ

महेश चौधरी, अध्यक्ष, रास्वपा कैलाली

जताततै रास्वपाको पक्षमा लहर देखिएको छ। पुराना दलले केही गरेनन्, नयाँले केही गर्लान् भन्ने आशा युवादेखि पाका मतदातामा छ। यहाँका सबै क्षेत्रमा हाम्रो पार्टीको माहोल राम्रो छ। देश परिवर्तनको नेतृत्व रास्वपाले गर्छ भन्ने जनताको भरोसा छ। हामीले अब परिवर्तनको नेतृत्व हामीले गर्छौं, देश हामी बनाउँछौं भनेर मत मागिरहेका छौं।



विगतका मुद्दा छोडेका छैनौं

कबिर सोव, अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी नेपाल

हिजोका दिनमा जे-जस्तो भए पनि हामी नयाँ ढंगले अघि बढेका छौं। विगतमा उठाएका मुद्दाहरूलाई छोडेका छैनौं, केही कमजोरीहरू भएका होलान्, तिनलाई सच्याएर जान्छौं भनेर मतदातामाझ गइरहेका छौं। मतदातामा पनि हाम्रो पार्टीप्रति आशा र अपेक्षा रहेको पाएका छौं। हामीले विगतका मुद्दाहरू छोडेका छैनौं र हामीप्रति जनताको भरोसा कायम देखिन्छ।

संक्षेप

घर भएको जग्गालाई 'खाली' देखाएर सरकारी कागजात किर्ते

राजविराज/ सप्तरीको रूपनी गाउँपालिका- १ की वडाध्यक्ष लीला यादवले आफ्नै श्रीमान्सहितको समूहलाई आर्थिक लाभ पुऱ्याउन झुटो विवरण प्रमाणित गरेको फेला परेको छ। साबिकको गाउँ विकास समिति नकटीरायपुर- ८ (हाल रूपनी- १) जग्गामा रहेको बहुमूल्य घरहरूलाई 'अस्तित्वमै नरहेको' भन्दै वडाध्यक्ष यादवले झुटो घरबाटो सिफारिस गरेकी हुन्। साबिक नकटीरायपुर-८ ख को कित्ता नम्बर १६९५ मा रहेको विना थापा र रचनासिंह थापाको नामको एक बिघा ४.५ धुर जग्गामा भौतिक संरचना (आवासीय घर) छन्। तर, उक्त जग्गा आफ्नो परिवार र समूहको नाममा नामसारी गर्न सजिलो होस् भन्ने उद्देश्यले वडाध्यक्ष यादवले त्यहाँ कुनै घर नभएको भनी झुटो विवरण सिफारिस गरेकी हुन्। आफ्नै श्रीमान्सहितको समूहलाई जग्गाको प्रकृति लुकाएर राजस्व छल्ने खेलमा वडाध्यक्ष स्वयं संलग्न भएको खुलेको छ। गत ७ माघमा रूपनी गाउँपालिका- १ की वडाध्यक्ष यादवले भूमिसुधार मालपोत कार्यालयलाई घरबाटो प्रमाणित गरेको ७७७ चलानी नम्बरको पत्रमा साबिक रायपुर- ८ ख को कित्ता नम्बर १६९५ मा रहेको विना थापा र रचनासिंह थापाको नामको एक बिघा ४.५ धुर जग्गामा घर नभएको १० फिट पक्की बाटो भएको सिफारिस गरेकी हुन्।

हेटौंडा सडक विस्तार विवाद पूर्ण इजलासमा, १० फागुनमा पेसी

मकवानपुर/ हेटौंडा बजार क्षेत्रको सडक विस्तारसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतको पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ। सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले मुद्दालाई पूर्ण इजलासमा पेस गर्न आदेश दिँदै आगामी १० फागुनका लागि पेसी तोकेको हो। यसअघि सडक विस्तारसम्बन्धी निर्णयसँग जोडिएका मिसिल फाइल नआएकाले सर्वोच्चले ती फाइल झिकाउन आदेश जारी गर्दै १८ माघमा पेसी तोकेको थियो। सोही दिन न्यायाधीशद्वयको संयुक्त इजलासले मुद्दा पूर्ण इजलासमा पठाउने निर्णय गरेको थियो। आइतबार मात्र मुद्दाको तारेख तोकिएको हो। सडक विस्तारका क्रममा आफ्नो घरजग्गा र सम्पत्तिमा क्षति पुगेको भन्दै रास्वपाकी पूर्वसांसदसमेत रहेकी विन्दवासिनी कंसाकारसहितका स्थानीयले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई विपक्षी बनाएर दायर गरिएको रिटमा गत १९ मंसिरमा न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। साथै, सडक विस्तारको काम तत्काल अघि नबढाउन अल्पकालीन अन्तरिम आदेश पनि दिइएको थियो।

चिनियाँ सहयोगबाट सीमाका दुई विद्यालय पुनर्निर्माण सम्पन्न

सिन्धुपाल्चोक/ भौगोलिक विकटता, बाढीपहिरो, प्राकृतिक विपत्ति र जीर्ण सडकसँग जुधेर चिनियाँले नेपालको सीमामा रहेका दुई विद्यालयको पुनर्निर्माण सम्पन्न गरेको छ। भोटेकोशी गाउँपालिका- १ लिस्तीमा अवस्थित उग्रचण्डी माध्यमिक विद्यालय र बाह्रबिसे नगरपालिका- २ बुदेपामा रहेको सुनकोशी माध्यमिक विद्यालय भवन पुनर्निर्माण सम्पन्न गरिएको हो। १२ र २९ वैशाख ०७२ को विनाशकारी भूकम्पले दुवै विद्यालयका भवन ध्वस्त भएका थिए। चीनको एजेन्सी फर इन्टरनेसनल इकोनोमिक कोअपरेसन अफ द मिनिस्ट्री अफ कमर्सले विद्यालय भवन बनाउन ६.९५ मिलियन अमेरिकी डलर अर्थात् नेपाली एक अर्ब रुपैयाँ लगानी गरेको छ। चाइना रेलवे फर्स्ट ग्रुप कम्पनी लिमिटेडले निर्माण सम्पन्न गरेको सो विद्यालय भवन २०२२ डिसेम्बर ८ बाट सुरु गरिएको थियो। भौगोलिक र विभिन्न प्राकृतिक विपत्तिसँग जुधेर तीन वर्षको समयमा २०२५ डिसेम्बर ३१ मा पुनर्निर्माण सम्पन्न गरिएको चिनियाँ प्रोजेक्ट म्यानेजर मिस्टर लिउ चाओले जानकारी दिए। 'बाह्रबिसेदेखि लिस्तीसम्मको जीर्ण सडक अनि प्रतिकूल मौसमबिच समयमै निर्माण सम्पन्न गरेका छौं,' चाओले भने, 'यही फेब्रुअरीमा नेपाल सरकारको शिक्षा मन्त्रालयलाई भवन हस्तान्तरण गर्छौं।'

पाँच वर्षमा पूर्वाधार विकासमा रूपान्तरण गर्छौं : थापा

नयाँ पत्रिका

कांग्रेस सभापति गगन थापाले जनजीवनसँग जोडिएका आयोजना समयमै, गुणस्तरीय तथा पारदर्शी रूपमा सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्। सोमबार सार्वजनिक भएको सात मिनेट १५ सेकेन्डको भिडियो सम्बोधनमा सभापति थापाले तीन दर्जन कानुन संशोधन गरेर परियोजना यथाशक्य सम्पन्न गर्नुपर्नेमा जोड दिँदै पाँच वर्षमा रूपान्तरणकारी पूर्वाधार निर्माण गर्न सकिने पनि बताए।



'हाम्रोमा पूर्वाधार समयमै नबन्ने ठुलो समस्या छ। यसले विकासको लागत त बढाएको छ नै, सँगै आर्थिक उत्पादकत्वमा पनि ठुलो असर पारेको छ, जसको लागत पनि उच्च छ,' उनले भने, 'यसमा कर्मचारीलाई निर्देशन दिएर, ठेकेदारलाई थर्काएर, ठेक्का तोडेर समाधान हुँदैन। यो विषय उठाउँदै आएको छु, अहिले पनि यही हो। मलाई विश्वास छ, पाँच वर्षमा पूर्वाधारका क्षेत्रमा हामीले रूपान्तरणकारी काम गर्न सक्छौं।'

थापाले पूर्वाधार विकासका समस्या पहिचान गर्ने प्रयास आफूले गरिरहेको पनि बताए। 'अब योभन्दा अगाडि यस्तो हुनुहुँदैन। आयोजनाहरू हिजो सम्पन्न गर्न सकिएन, अब सम्पन्न हुनुपर्छ। यस सम्बन्धमा मैले केही तयारी गरेको छु,' उनले भने।

थापाले तीन दर्जन कानुन परिमार्जन, खारेज वा संशोधन हुनैपर्ने तथा काम गर्ने तरिका र संस्कृति बदल्नुपर्नेमा पनि जोड दिएका छन्। 'सडक ऐन ४८ वर्ष पुरानो छ, सडक नियमावली बनेकै छैन। सार्वजनिक खरिद ऐन २० वर्ष पुरानो छ। हाम्रो अध्ययनले के देखायो भने पूर्वाधार समयमा बन्ने कुराका लागि संशोधन, परिमार्जन गर्नुपर्ने, खारेज गर्नुपर्ने तीन दर्जन कानुन रहेछन्। योजनाको छनोट, राजनीतिक हस्तक्षेप, दबाबबाट सुरु हुनुपर्छ। योजनाको छनोटमा पूर्वाग्रह राख्न नसक्ने गरी कानुनले बाँध्नुपर्छ,' उनले भने।

■ ३३ किलो सुन तस्करी प्रकरण

गोरेसमेत तीनजनाको हकमा जिल्लाकै सजाय कायम, एकजनालाई कैद बढाइयो

नयाँ पत्रिका

३३ किलो सुन तस्करी तथा सनम शाक्य हत्या प्रकरणमा उच्च अदालत विराटनगरले फैसला सुनाउँदै कैदमा केही थपघट गरेको छ। तीनजनाको हकमा कैद सजाय आधा बनाइएको छ। एकजनाको हकमा सजाय बढाउने फैसला भएको छ।

उच्च अदालत विराटनगरका सूचना अधिकारी सन्तोष पोखरेलका अनुसार यस प्रकरणका मुख्य अभियुक्त चूडामणि उप्रेती गोरे र टेकराज मल्ल ठकुरी तथा लाक्पा शेर्पाको हकमा जिल्लाकै फैसला सदर भएको छ। जिल्ला अदालत मोरङले उनीहरूलाई २० वर्ष कैद सजाय सुनाएको थियो। 'कृष्ण भन्ने नरेन्द्र कार्की, मोहन काफ्ले र भोजराज भण्डारीको हकमा केही उल्टी भएको छ। तीनैजना प्रतिवादीलाई जिल्लाले २० वर्ष कैद सजाय सुनाएकोमा १० वर्ष बनाइएको छ,' पोखरेलले भने।

यसैगरी भविन तामाङ, राजनकुमारको हकमा सुरु सदर अर्थात् तीन वर्ष कैदकै फैसलालाई उच्चले सदर गरेको छ। मदनप्रसाद घिमिरेको हकमा केही उल्टीको फैसला भएको उच्चले जनाएको छ। सूचना अधिकारी पोखरेलका अनुसार जिल्लाले उनलाई ६ महिना कैद सजाय सुनाएकोमा उच्चले त्यसलाई बढाएर तीन वर्ष पुऱ्याएको छ। 'नेपाल सरकारचाहिँ जिल्लाले भन्सार ऐन र संगठित अपराध नियन्त्रणको ऐनमा दाबी नपुगेको भनेकाले त्यसविरुद्ध आएको थियो। तर, पुनरावेदन जिकिर नपुगेको फैसला भएको छ,' पोखरेलले भने। अन्यको हकमा जिल्लाकै फैसला सदर भएको उनले बताए।

आइतबार उच्चले यस विषयमा फैसला गरेको हो। उच्चमा यस घटनाका कुल नौ मुद्दा पुनरावेदनको रोहमा पुगेका थिए। यिनलाई अभियान फाँटमा राखी अदालत प्रशासनले पेसी चढाउने गरेकोमा अन्तिम निर्णय भएको हो। ०७८ माघदेखि ०७९ कात्तिकसम्म ६ वटा र ०८२ मा तीनवटा निवेदन दर्ता भएका थिए। यसमा चारवटामा केही उल्टी, एउटामा सुरु सदर र चारवटामा पुनरावेदन जिकिर नपुग्ने फैसला भएको हो।

प्रहरीले सुरुमा ६३ जनालाई प्रतिवादी बनाउँदै आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी पैठारी र चोरी निकासी गरेको अभियोग लगाएको थियो। यसैगरी, सातजनामाथि अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यानको अभियोगसमेत लगाइएको थियो। पूरक अभियोग लगी यस विषयमादुई मुद्दा जिल्लामा दर्ता भएका थिए।


■ सिराहा कारागारमा सुरक्षा समितिको अपरेसन

कटुवा पेस्तोल र गोली बरामद, नाइकेसहित १३ जना प्रहरी हिरासतमा

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहा कारागारको अपरेसनको क्रममा कटुवा पेस्तोल र दुई राउन्ड गोली बरामद भएको छ। जिल्ला सुरक्षा समितिले सोमबार बिहानदेखि गरेको अपरेसनका क्रममा कारागारभित्र अवैध रूपले राखिएको कटुवा पेस्तोल र त्यसमा लाग्ने दुई राउन्ड गोली बरामद भएको सिराहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए। उनका अनुसार सुरक्षाको दृष्टिकोणले अत्यन्त संवेदनशील मानिने कारागारमा बन्देज रहेको हतियार बरामद भएपछि नाइके इन्द्रजित यादवसहित १३ जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ। 'कारागारको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै १३ जनालाई कारागार व्यवस्थापन विभागसँग समन्वय गरी अन्य कारागारमा सरुवाको तयारी गर्दै छौं,' उनले भने।

कारागारमा आन्तरिक प्रशासन चलाउँदै आएका नाइके यादवसहितको टोलीले विगतमा पनि कुटपिटसहित कैदीबन्दीहरूबाट अवैध असुली गर्दै आएको सार्वजनिक भएको थियो। उनको समूहले गत ४ साउनमा कारागारभित्र १३ जना कैदीबन्दीमाथि निर्घात कुटपिट गरी घाइते बनाएपछि कारागारभित्रको अवस्था तनावग्रस्त बनेको थियो।



कारागार स्रोतका अनुसार नाइके यादवको समूहले आफूहरूले भनेको नमानेको भन्दै आइतबार १० जना कैदीबन्दीलाई आँखामा पट्टी र हात पछाडिबाट बाँधेर निर्घात कुटपिट गर्दै लखेटेपछि सुरक्षा समितिले अपरेसन चलाएको जनाइएको छ। कारागारजस्तो संवेदनशील ठाउँमा हतियार बरामद भएपछि नाइकेसहितलाई प्रहरीले नियन्त्रणमा लिएर फर्किएलगत्तै केही कैदीबन्दीले भित्रपट्टिबाट पुराना कपडा बालेर नाराबाजी गरेको भए पनि स्थिति पूर्णरूपमा नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

■ सिराहा कारागारमा दोहोरिँदै झडप

जिल्ला कारागारका चौकीदारको सुविधा उपभोग गरिरहेका कैदीले सुविधाको दुरुपयोग गर्दै कैदीबन्दीसँग रकम उठाउने गरेको आरोप लगाउँदै १२ चैत ०७९ बिहान करिब ८ देखि राति ८ बजेसम्म नाराबाजी भएको थियो। कारागारका तत्कालीन चौकीदार यादव गिरीमाथि कैदीबन्दीहरूले सांघातिक हमलाको प्रयास गरेपछि कारागार प्रशासनले उनलाई कारागार व्यवस्थापन विभागसँग समन्वय गरी सिन्धुली कारागार पठाएको थियो।

त्यसअघि ०७८ माघमा सिराहा कारागारका तीनजना कैदीलाई सरुवाका लागि रमानासहित निकाल्न खोजिँदा कैदीबन्दीबिच झडप हुँदा चारजना घाइते भएका थिए। कारागार व्यवस्थापन विभागको पत्रअनुसार दुईजना कर्तव्य ज्यान र एकजना लागुऔषध मुद्दाका गरी तीनजना कैदीलाई सरुवा गराउन रमानासहित कारागारबाट निकाल्ने वेलामा झडप भएको थियो।

२४ कात्तिक ०८१ मा कारागारभित्र आन्तरिक प्रशासनको मिलेमतोमा प्रतिबन्धित वस्तुहरूको आपूर्तिसहित कारागारको पसलमा बढी रकम असुल्ने गरेको सार्वजनिक भएपछि स्थानीय प्रशासनले गठन गरेको पाँचसदस्यीय छानबिन समितिले १० माघमा जिल्ला सुरक्षा समितिलाई प्रतिवेदन बुझाएको थियो। त्यतिवेला जिल्ला प्रशासन कार्यालय सिराहाले कारागारको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी छानबिन प्रतिवेदन सार्वजनिक गर्ने/नगर्ने विषयमा कारागार व्यवस्थापन विभागको निर्देशनबमोजिम हुने गरी हाललाई उक्त प्रतिवेदन जानकारी, कार्यान्वयन, अध्ययन, निर्देशनका लागि विभाग पठाइएको जनाएको थियो।

आगामी निर्वाचनमा आदिवासीको भोट कसलाई ?

आफ्ना अधिकारलाई सिद्धान्त, नीति तथा अभ्यासमा प्रत्याभूत गराउन जसले सक्छ, आदिवासी मतदाताले उसैलाई मत दिँदा फरक पर्दैन



● डा. कृष्ण भट्टचन

अग्रलेख

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन, तथा भविष्यमा हुने संघीय तथा प्रदेश तहका व्यवस्थापिका र स्थानीय तहका जनप्रतिनिधिको कुनै पनि निर्वाचनमा आदिवासी मतदाताले आफ्नो अमूल्य मत कसलाई दिने ? यो प्रश्न यतिखेर मात्र नभई प्रत्येक निर्वाचनमा उठ्दै आएको छ। यस लेखमा यसै सेरोफेरोमा रही आदिवासी मतदाताका मुद्दा उठान गरिनेछ र जुन दल र उम्मेदवारले ती मुद्दा पूरा गर्ने या तिनलाई सदनसम्म पुऱ्याएर नीतिगत तहबाटै सम्बोधन गराउने प्रतिबद्धता व्यक्त गर्छन्, तिनैलाई आदिवासी मतदाताले मत दिन्छन्।

आदिवासीको मानव अधिकार अर्थात् सामूहिक र व्यक्तिगत अधिकार घोषणापत्र, नीतिदेखि सोको कार्यान्वयन र व्यवहारमा अभ्यास गर्न नदिने तर हनन गरिरहने राजनीतिक दल तथा उम्मेदवार कोही छन् भने जेन-जी आन्दोलनले माग गरेजस्तो 'नो भोट'का पक्षमा आदिवासी मतदाताले मत जाहेर गर्नुपर्छ। साथै, आफ्नै बलबुतामा आफ्नै सामूहिक नेतृत्वमा आदिवासी जनआन्दोलन वा विद्रोह वा आदिवासीको सम्बन्धमा सर्वोच्च आदलतले सरकारलाई दिएका निर्देशनात्मक आदेश, परमादेश तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय कानुन तथा संयुक्त राष्ट्र संघका सन्धि निकायहरूले राज्य पक्ष नेपाललालाई दिएको अग्रिम चेतावनी र सिफारिसलाई समुदायगत तहमा आदिवासी आफैंले कार्यान्वयन गर्न थाल्नुको विकल्प हुँदैन।

आगामी निर्वाचनमा कुनै पनि राजनीतिक दल वा उमेदवारलाई आदिवासी मतदाताले मत दिनैपर्ने भयो भने भोट उसलाई दिने हो, जसले आदिवासी राष्ट्र, राज्य र प्रथाजनित सरकार तथा ऐतिहासिक थातथलोको भूमि, भू-सिमाना तथा स्रोतको सार्वभौमिकता र आत्मनिर्णयलाई संविधान, ऐन-कानुन, नीति-नियम, योजना तथा कार्यक्रममा प्रत्याभूत गर्न संविधान पुनर्लेखन वा संशोधन गर्छ। जसले ऐन-कानुन तथा नीति-नियम संशोधन गर्छ वा नयाँ ल्याउँछ र त्यसलाई अर्थपूर्ण रूपमा व्यवहारमा कार्यान्वयन गर्न इमानदार, प्रतिबद्धता र विश्वास दिलाउँछ, उसैलाई हामी आदिवासी मतदाताले मत दिनेछौं।

● जसले घोषणापत्र, घरदैलोमा मत माग्दा र भाषणमा आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको राष्ट्र संघको घोषणापत्र (युएनडिपि), आदिवासीको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को महासन्धि नं. १६९, आदिवासी महिला तथा किशोरीको अधिकार सम्बन्धमा महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (सिड)को आधारभूत सिफारिस नं. ३९, आदिवासीको अधिकार सम्बन्धमा नश्लीय (जातीय) भेदभाव उन्मूलन गर्ने समिति (सर्ड)को आधारभूत सिफारिस नं. २३, आदिवासी बालबालिकाको अधिकार सम्बन्धमा बाल अधिकार समिति (सिआरसी)को आधारभूत सिफारिस नं. ११, व्यवसाय र मानव अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघको मार्गदर्शक सिद्धान्त तथा यी सबै दायित्वलाई कार्यान्यन गर्न सर्वोच्च अदालतले सरकारलाई दिएको निर्देशनात्मक आदेश तथा परमादेश, विशेषगरी निर्वाचन ऐन तथा नियमावली र निर्वाचन आयोग ऐन संशोधन गर्न तत्कालीन कामु प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा र न्यायाधीश सुशीला कार्कीको २०७० वैशाख ८ को फैसला (०६५-डब्लुओ-०४७५), न्यायाधीश सुष्मालता माथेमा र न्यायाधीश डा. कुमार चुडालको २०७० वैशाख ८ को निर्देशनात्मक आदेश (०७४-डब्लुओ-००५३), र न्यायाधीश सुष्मालता माथेमा र न्यायाधीश तिलप्रसाद श्रेष्ठको २०८० असोज ९ को परमादेश (०७४-डब्लुओ-१०३१) को इमानदारीसाथ अर्थपूर्ण रूपमा कार्यान्वयन गर्ने वाचा बन्धन गर्छ उसैलाई।

● जो समग्र आदिवासी र विशेषगरी आदिवासी महिला तथा किशोरी, अपांगता भएका आदिवासी, आदिवासी एलजिबिटिक्युआइए+, आदिवासी युवा, आदिवासी बालबालिका तथा आदिवासी पाका (एल्डर), लोपोन्मुख तथा सीमान्तकृत आदिवासीको अधिकारका पक्षमा दह्रोसँग उभिन्छ उसैलाई।

● जो आदिवासी नारीवाद तथा आदिवासी जुरिस्प्रुडेन्सको वास्तविक हिमायती हो र मनभित्रबाटै सम्मान गर्छ उसैलाई।


● जसले आदिवासीको पूर्ववर्ती अधिकार (प्रिएक्जिस्टिङ राइट्स)लाई स्वीकार गर्छ उसैलाई।

● जो जातिवाद, नश्लवाद, उपनिवेशवाद, पितृसत्तावाद, लिंगवाद (जेन्डरिजम), सबलवाद (एबलिजम) विरुद्ध छ, उसैलाई।

● जसले आदिवासीको सामूहिक तथा व्यक्तिगत मानव अधिकारका लागि विउपनिवेशीकरण, विजातिवादीकरण, विनश्लवादीकरण गरेको छ, गर्न प्रतिबद्ध छ, उसैलाई।

● जसले आदिवासी जनजातिलाई 'इन्डिजेनस पिपल'को हैसियतमा मात्र चिन्छ, अल्पसंख्यक (माइनोरिटी), स्थानीय जनता (लोकल पिपल) का रूपमा चिन्दैन, उसैलाई।

● जो आदिवासीको आत्मनिर्णित विकास, आदिवासीको संरक्षकत्व तथा आदिवासीको अधिकार (विशेषगरी, सामूहिक अधिकार)मा आधारित संरक्षित क्षेत्र अर्थात् राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, सिकार आरक्ष, संरक्षण क्षेत्र, अन्य प्रभावकारी क्षेत्रमा आधारित संरक्षणका उपाय, मध्यवर्ती क्षेत्र, सामुदायिक वनलगायत सबै आदिवासीको सामूहिक स्वामित्व र नियन्त्रण, तथा संरक्षकत्वको पक्षमा र आक्रामक, हस्तक्षेपकारी, केन्द्रीकृत विकास तथा किल्ला मोडलको संरक्षणविरुद्ध दह्रोसँग उभिन्छ, उसैलाई।



● जो आदिवासीको भूमि, भू-सिमाना (टेरिटोरी) तथा स्रोतमा उपनिवेशीकरण, सैन्यकरण, भूमण्डलीकरण, नवउदारीकरणविरुद्ध छ, उसैलाई।

● जो जलवायु न्यायको पक्षमा छ र जसले आदिवासीलाई जलवायु कार्यको केन्द्रमा राख्छ, उसैलाई।

● जसले आदिवासीको 'स्याक्रेड साइट्स' (आस्थाको पवित्र स्थल), जस्तै- मुक्कुमलुङलाई याकथुङ (लिम्बू)को मुन्धुमी स्थल तथा छुमी क्हार्छेलाई मुस्ताङको बोन धर्मावलम्बीको स्याक्रेड साइट्सकै हैसियतले मात्र चिन्छ, मान्छ, अर्थात् मुक्कुमलुङलाई पाथीभरा वा छुमी क्हार्छेलाई मुक्तिनाथका रूपमा मान्दैन, उसैलाई।

● जसले आदिवासीको ऐतिहासिक साँध, सिमाना चिन्छ, पछि थोपरिएको अन्तर्राष्ट्रिय साँध, सिमाना (बोर्डर) लगायत चिन्दैन, उसैलाई।

● जसले आदिवासीको पितृ तथा भावी पुस्तालाई सम्मान गर्छ, उसैलाई।

● जसले आदिवासीको विशिष्ट, पृथक् सामूहिक पहिचानसहितको अधिकारप्रति आस्था, सम्मान तथा प्रतिबद्धता व्यक्त गर्छ, उसैलाई।

> आदिवासी मतदाताका मुद्दा जुन दल र उम्मेदवारले पूरा गर्ने या तिनलाई सदनसम्म पुऱ्याएर नीतिगत तहबाटै सम्बोधन गराउने प्रतिबद्धता व्यक्त गर्छन्, तिनैलाई आदिवासी मतदाताले मत दिन्छन्

● जसले हरेक आदिवासीलाई राष्ट्र, राज्य तथा सरकारका रूपमा पहिचान तथा सम्मान गर्छ, उसैलाई।

● जसले आदिवासीको आमसंहार (जेनोसाइड), सांस्कृतिक संहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध गर्दैन, तथा यस्ता जघन्य अपराधविरुद्ध उभिन्छ, उसैलाई।

● जसले आदिवासीलाई जैविक विविधताको संरक्षक मान्छ, उसैलाई।

● जो आदिवासीको आत्मनिर्णयसहितको स्वायत्तता तथा प्रथाजनित स्वशासन पद्धति तथा प्रथाजनित कानुनलाई संवैधानिक, कानुनी मान्यताको पक्षमा र व्यवहारमा उतार्न प्रतिबद्ध छ, उसैलाई।

● जो आदिवासीको थातथलोमा केबलकार, जलविद्युत् आयोजना, राष्ट्रिय निकुञ्ज, सिकार आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, सामुदायिक वन, सडक विस्तारजस्ता विकासका नाममा गरिने आदिवासीलाई पिरमर्का र अन्याय पर्ने कार्य आदिको विरुद्ध छ, उसैलाई।

● जो आदिवासीको 'किपट'लगायत भूमि अधिकारका पक्षमा छ, उसैलाई।

● जो आदिवासीको खाद्य सम्प्रभुता, आदिवासीको संस्कृतिमा आधारित खाद्य सुरक्षा तथा आदिवासीको सामूहिक 'पेटेन्ट राइट्स'को पक्षमा छ, उसैलाई।

● जो आदिवासीको ज्ञान, सिप, प्रविधि तथा अभ्यासको पक्षमा छ, उसैलाई।

● जो आदिवासीको मातृभाषालाई खस नेपाली भाषासरह समान हैसियत दिन प्रतिबद्ध छ, उसैलाई।

● जो आदिवासीको आत्मनिर्णय, भूमिको सार्वभौमिकता र सामूहिक अधिकार प्रत्याभूत भएको वास्तविक संघीयता र धर्मनिरपेक्षतालाई मन, वचन तथा कर्मले आत्मसात् गर्दै अभ्यासको पक्षमा दृढ छ, उसैलाई।

● जो आदिवासीको प्रथाजनित स्वशासन पद्धति र प्रथाजनितक कानुन र राज्यको नीति निर्णयका सबै तहमा राजनीतिक दलको माध्यम नभएर आदिवासी आफैंले प्रथाजनित प्रक्रियाका माध्यम आफैंले सामूहिक रूपमा छनोट गरेको प्रतिनिधिको प्रत्यक्ष प्रतिनिधित्वको पक्षमा छ, उसैलाई।

● जो आदिवासीको भूमि, भू-सिमाना तथा स्रोत भएको ऐतिहासिक थातथलोमा राज्य, सरकार निजी व्यवसायलगायत बाह्य पक्षले जेसुकै कानुनी, प्रशासनिक, विकास निर्माणलगायत गर्न चाहे आदिवासीबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी गर्नै पाइँदैन भन्नेमा प्रतिबद्धता र दृढता व्यक्त गर्छ, उसैलाई।

● जो आदिवासीको अन्तरदेशीय सम्बन्धको पक्षमा छ, उसैलाई।

● जसले विगतमा आदिवासीविरुद्ध राज्यले गरेको सामूहिक अधिकारलगायत मानव अधिकार हनन, संरचनागत तथा सांस्कृतिक हिंसा, भेदभाव, प्रथाजनित अभ्यासको अपराधीकरण, बहिष्करण, सिमान्तकरणजस्ता निन्दनीय कार्य गरे- गराएकोमा आदिवासीसँग राज्यले औपचारिक माफी माग्ने प्रतिबद्धता व्यक्त गर्छ, उसैलाई।

● जो आदिवासीको मात्र नभई महिला, दलित, मधेशी, मुस्लिम, अन्य मातृभाषी तथा विभिन्न धर्मावलम्बी, अपांगता भएका व्यक्ति तथा एलजिबिटिक्युआईए+ को पक्षमा छ, उसैलाई।

● जसले माथिका समग्र एजेन्डामा आफ्नो रचनात्मक विचार (कन्स्ट्रक्टिभ आइडिया) सहित लिखित प्रतिबद्धता सार्वजनिक गर्छ, उसैलाई।

अन्त्यमा, नेपाललगायत विश्वभरिका आदिवासीले आफ्नो आधारभूत मूल्य-मान्यता, प्रथा परम्परामा आधारित नैसर्गिक अन्तर्निहित आधारभूत अधिकारलाई भोटमार्फत उपयोग गर्न स्वतन्त्र भएर आत्मनिर्णयको प्रयोग गर्नुपर्छ। यस्तो गर्न आदिवासीविरोधीको 'फोले' भएर तथा विचारको नियन्त्रणबाट मुक्त हुनुपर्छ। कम्तीमा पनि पितृलाई सम्झेर तथा पितृको आशीर्वाद लिएर भावी पुस्तालाई पितृहरूले हस्तान्तरण गरेको विशिष्ट पृथक् सामूहिक पहिचानसहितको सामूहिक जीवन पद्धतिलाई अन्तरपुस्ता हस्तान्तरण गर्ने दायित्वलाई मनन गर्दै उल्लिखित आदिवासीका अधिकारलाई सिद्धान्त, नीति तथा अभ्यासमा महसुस गर्न पाउने, प्रत्याभूत गर्ने कार्य जुन दल या उम्मेदवारले गर्न सक्छ या गर्छ, भोट उसैलाई दिँदा फरक पर्दैन। अन्यथा, आफ्नो अधिकारका लागि 'नो भोट' वा भोट नखसाली आफैं सामूहिक तथा संगठित रूपमा लड्न अघि बढ्नुको विकल्प देखिँदैन।

(डा. भट्टचन त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र विभागका पूर्वअध्यापक हुन्)

३ प्रश्न

वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ **डा. जागेश्वर गौतम**लाई



नेपालमा पाठेघरको मुखको क्यान्सरसँग सम्बन्धित समस्या कस्तो छ ?

नेपालमा महिलामा सबैभन्दा बढी हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा देखिन्छ। तर, पछिल्ला दिनहरूमा 'स्क्रिनिङ' बढेको छ। पाठेघरको मुखको पानी परीक्षण गराउने क्रम पनि बढेको छ। ह्युमन पापिलोमा भाइरस (एचपिभी) को पनि टेस्ट गराउने क्रम पनि बढेको छ। अहिले नेपाल सरकारले अभियानकै रूपमा किशोरीलाई एचपिभी खोप लगाउने व्यवस्था मिलाएको छ। यस्तो खोप लगाउने किशोरी ठुलो भएपछि उनीहरूलाई पाठेघरको मुखको क्यान्सरको जोखिम हुँदैन। यसले गर्दा आगामी दिनमा यो समस्या घट्ने अनुमान लगाउन सकिन्छ। तर, अहिले जे-जति महिलामा यस्तो क्यान्सरको समस्या देखिन्छ, उनीहरू उपचारका लागि निकै ढिलो आइपुग्छन्। जसले गर्दा अप्रेसन या अन्य उपचारका विधि अवलम्बन गर्न पनि नसकिने अवस्था भइसकेको हुन्छ। त्यसैले, वेलावेलामा टेस्टहरू गराइरहनु नै यसबाट जोगिने सबैभन्दा उत्तम उपाय हो।

अहिले किशोरीहरूलाई दिन लागिएको एचपिभी खोप किन आवश्यक छ ?

यो खोप किशोरीका लागि अति आवश्यक छ। 'सिंगल डोज'का रूपमा राज्यका तर्फबाट निःशुल्क उपलब्ध गराइने यो खोप लगाएका किशोरीलाई भविष्यमा पाठेघरको क्यान्सर हुँदैन। यो खोप यहाँ मात्र होइन, विश्वभर दिइन्छ। नेपालमा सन् २०१९ मै यो खोप ल्याउन बजेट व्यवस्थापन गरिएको थियो। तर, भ्याक्सिन उत्पादक कम्पनीले विश्वभर सप्लाई गर्नुपर्ने हुनाले नेपाललाई दिन सकेन। त्यतिखेर भ्याक्सिन नभएकाले मात्र केही ढिलो यो अभियान सुरु भएको हो। यो खोप लगाउन पाउनु किशोरीहरूको नैसर्गिक अधिकार नै हो।

यसले भविष्यमा बाँझोपनको समस्या ल्याउन सक्छ भन्ने पनि सुनिन्छ नि ?

यो शतप्रतिशत भ्रामक कुरा हो। अहिलेसम्म भएको अध्ययनले यस्तो केही बताएको छैन। यो खोप सुरक्षित भएकैले त अन्य देशले पनि लगाइरहेका छन् नि !

प्रेरक प्रसंग

सिंह र ब्राह्मणको कथा

उहिल्यै नेपालको चारकोसे झाडीमा जहिल्यै हराभरा रहने घना जंगल थियो। जंगलभित्र अनेकौं सानाठुला नदी, खोला र खहरे बग्थे। जंगलमा अनेकौं जीवजन्तु बस्थे। एउटा सुबुद्धि नामको सिंह जंगलको राजा थियो। सम्बुद्धि नामको नीतिवान् राजहंस उसको मुख्यमन्त्री थियो।

जंगलबाहिर एउटा गाउँ थियो। गाउँमा खानलाउनसमेत धौधौ पर्ने एउटा अति गरिब ब्राह्मण परिवार थियो। एकदिन ऊ काठमाडौं गई धन कमाएर ल्याउने विचारसाथ घरबाट हिँड्यो। काठमाडौं पुग्न चारकोसे झाडी पार गर्नुपर्थ्यो। ऊ झाडीको प्रवेशद्वारमा पुग्यो। उसले त्यहाँ मुख्यमन्त्री सम्बुद्धिलाई भेटेपछि आफ्नो सम्पूर्ण दुःखको कहानी सुनायो। सम्बुद्धिले राजा सुबुद्धिलाई सबै कुरा सुनाएर ब्राह्मणको भेट गराईदियो। राजाले ब्राह्मणलाई सुनका केही गहना दिए। गहना पाएपछि ब्राह्मण खुसी हुँदै त्यहींबाट फर्किए। उनले सित्तैंमा पाएको सम्पत्ति हुरलदुरल गर्दागर्दै केही समयमा सिध्याए।



सम्पत्ति सिद्धिएपछि उनी फेरि जंगलका राजालाई भेट्न गए। तर, यतिखेरसम्ममा मुख्यमन्त्री सम्बुद्धिको मृत्यु भइसकेको थियो। एउटा दुर्मुख नामको काग मुख्यमन्त्री बनेको थियो। उसले ब्राह्मणलाई देख्नासाथ 'का का' गरेर राजालाई सूचना दियो। सूचना पाउनासाथ सुबुद्धि पनि गर्जिँदै त्यहीं आइपुग्यो। प्रवेशद्वारमा ब्राह्मणलाई देख्नासाथ राजा सुबुद्धिले भन्यो- ब्राह्मणराज, तिमी पक्कै फेरि पनि केही सहयोग पाउने आशाले आएका हौला। तर, कसैले पनि सधैं सहयोग गर्न सक्दैन। आफ्नो आवश्यकता आफ्नै परिश्रमले पूरा गर्नुपर्छ। फेरि अहिले यहाँ सम्बुद्धि होइन, दुर्मुख मुख्यमन्त्री छ। त्यसैले आफ्नै गाउँघर फर्केर परिश्रम गर, पक्कै सुख पाउनेछौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जता पनि ढिलासुस्ती किन ?

पटक-पटक म्याद थप गर्दा पनि राष्ट्रिय गौरवको आयोजना 'फास्ट ट्र्याक' आगामी ०८३ चैतसम्म पनि तयार नहुने समाचार पढ्दा दुःख लाग्यो। ०८१ पुसभित्रै काम सक्नुपर्ने भए पनि ०८३ चैतसम्म पनि काम नसकिने र हालसम्म जम्मा ४५ प्रतिशत मात्र काम सम्पन्न भएको तथ्यांकले हाम्रा यति ठुला र महत्वपूर्ण विकास निर्माणका आयोजनामा पनि किन यसरी खेलाँची गरिन्छ ? समयमै काम सम्पन्न गर्नुको साटो किन ढिलासुस्ती गरिन्छ ? यसरी ढिलासुस्ती गर्दा बढ्ने लागत र खेर जाने समयको क्षतिपूर्ति कसरी गर्ने ? के राज्यले यसको क्षतिपूर्ति गर्न सक्छ ?

● **सुस्मिता कायस्थ**, कुपन्डोल, ललितपुर

पिए नै किन चाहियो ?

कोशी प्रदेशका प्रदेश सांसदहरू स्वकीय सचिवको पारिश्रमिक रोकिएको भन्दै असन्तुष्ट भएको समाचार पढियो। हाम्रो जस्तो विपन्न मुलुकका प्रदेश सांसदलाई आखिर किन चाहियो स्वकीय सचिव ? के तिनले आफैं सबै व्यवस्थापन गर्न सक्दैनन् ? फेरि स्वकीय नै चाहिने भए खुरुक्क आफ्नै साधन र स्रोतबाट तलब, भत्ता र अन्य सुविधा दिए भैगो नि !

● **पुनिला केसी**, चक्रपथ, काठमाडौं

टोलीले छिटो समाधान खोजोस्

इपिएस प्रणालीको समस्या बोकेर नेपाली टोली आगामी १४ फागुनमा कोरिया जाने भएछ। इपिएस प्रणालीअन्तर्गत कोरियाली भाषा परीक्षा उत्तीर्ण गरी कोरिया जाने अन्तिम पर्खाइमा रहेका नेपाली युवा आन्दोलित भए पनि सरकारका तर्फबाट यो पहल गरिएको हुन सक्छ। यस विषयमा उठेको विवादले गर्दा नेपाली युवाका लागि आकर्षक मानिएको कोरियाली रोजगारीको भविष्य नै अन्योलमा परेको छ।

● **सिर्जनशील भट्ट**, कोटेश्वर, काठमाडौं

नेपाली टोलीलाई बधाई

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले आइसिसी टी-२० विश्वकपको आइतबार सम्पन्न पहिलो खेलमा विश्व क्रिकेटको जननी मुलुक इंग्ल्यान्डविरुद्ध जेजस्तो खेल प्रदर्शन गऱ्यो, त्यसले हामी सम्पूर्ण नेपालीको मन जितेको छ। प्राविधिक रूपमा इंग्ल्यान्डसित पराजित हुनुपरे पनि नेपाली टोलीले विश्वकपलाई नियालिरहेका संसारभरका फ्यानको मन जितेको छ। यस सफलताका लागि नेपाली टोलीलाई हार्दिक बधाई !

खेलमा भाग लिइसकेपछि हार या जित हुनु स्वाभाविक प्रक्रिया हो। हार्दा निराश हुने र जित्दा मात्तिनेले जीवनमा केही गर्न सक्दैन। भनिन्छ नि 'प्रतियोगितामा भाग लिँदा कि जितिन्छ, कि सिकिन्छ'। हो, यसपालिको विश्वकपको आफ्नो पहिलो खेलमा नेपालले जित निकाल्न नसके पनि ऊ विश्वभरका दर्शकको मनमा बस्न सफल भएको छ। इंग्ल्यान्डजस्तो बलियो टोलीविरुद्ध १८५ रनको टार्गेट पछ्याएको नेपालले अन्तिम बलसम्म पनि जितको सम्भावना बाँकी नै राख्नु भनेको साधारण कुरो होइन। जम्मा चार रनको झिनो अन्तरमा पराजित हुनु पीडादायक भए पनि नेपाली टोलीले हामी कोहीभन्दा कम छैनौं, हामी अबका दिनमा कुनै पनि विश्वचर्चित टोलीलाई टक्कर दिन आउँदै छौं भन्ने प्रस्ट सन्देश दिएको छ।

हुन पनि अबका दिनमा नेपालले विश्वको जुनसुकै टेस्ट राष्ट्रलाई पनि चुनौती दिन सक्छ भन्ने यसपटकको टी-२० विश्वकपमार्फत प्रस्ट पारेको छ। अब राज्यले आन्तरिक सुधारमा ध्यान दिने र खेलाडीलाई व्यस्त राख्ने गरी क्रिकेट गतिविधि अघि बढाउने हो भने नेपाली क्रिकेटको भविष्य उज्यालो छ भन्ने आइतबारको खेलले देखाएको छ।

● **स्वर्णिम मानन्धर**, ट्यांलाफाँट, काठमाडौं

निर्वाचनमा भ्रामक सूचनाको बाढी र व्यवस्थापन

निर्वाचन नजिकिँदै जाँदा मिथ्या एवं गलत सूचनाको बाढीले आमनागरिक रनभुल्लमा पर्न थालेका छन्



● डा. केदार कार्की

२१ फागुनको निर्वाचनअगाडि सामाजिक सञ्जालमार्फत नकारात्मक र भ्रामक सामग्री फैलिँदै छ। गलत सूचनाको यो बाढीसँग लड्न बलिया ऐन-कानुन र प्रस्ट रणनीति आवश्यक छ। सन्दर्भबाहिरका कथनसँग जोडेर बिना सम्पादन र अपलोड गरिएका तस्बिर र भिडियोको प्रयोग बढेको छ। कृत्रिम बुद्धिमत्ता (एआई) र आवाज परिवर्तनजस्ता नवीनतम प्रविधिको प्रयोगले सर्वसाधारणको ध्यान आकर्षित गरिरहेको छ।

यतिखेर झापा-५ मा 'कन्टेन्ट क्रिएटर', एवं सामाजिक सञ्जालमा सक्रिय व्यक्ति र युट्युबरको ओइरो लागेको छ। सो क्षेत्रमा एमाले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता बालेन्द्र शाह उम्मेदवार छन्। उता चितवनमा रास्वपा सभापति रवि लामिछाने र सर्लाहीमा कांग्रेस सभापति गगनकुमार थापाका क्षेत्रमा पनि युटुबरहरूको भिड लागेको देखिन्छ। उनीहरू विभिन्न ढंगमा मत सर्वेक्षण गराएर दर्शकको ध्यान तान्ने र भ्युज बढाउने खेलमा लागेका छन्।

ती क्षेत्रमा अड्डा जमाएर बसेका यी मिडियाकर्मीले अनेकथरी पृष्ठभूमि बाँधेर प्रश्न गर्छन् र निर्वाचनमा तपाईं कसलाई भोट दिनुहुन्छ भनेर सोध्न छुटाउँदैनन्। आफूले मत कसलाई दिँदै छु भन्ने प्रश्नको जवाफ दिन मतदाता बाध्य छैनन्, तर प्रश्नको वर्षा यसरी हुन्छ कि त्यसको जवाफबाट सर्वसाधारण मतदाता उम्किनै सकिरहेका छैनन्।

पार्टी र व्यक्तिको पक्षधरता लिएर काम गरिरहेका उनीहरूले आफूले चाहेजस्तै जवाफ खोजिरहेका हुन्छन्। कसैबाट त्यस्तो जवाफ आएन भने उनीहरू थप मतदाता भेटेर आफूले चाहेको जवाफ खोज्छन्। जब आफूले चाहेजस्तो जवाफ आउँछ, अनि उनीहरू त्यसको खुब प्रचारप्रसार गर्छन्। यति गर्दा पनि मतदाताबाट जवाफ नआएमा एआईबाटै सबै कुरा सिर्जना गरेर पनि प्रचारमा ल्याउँछन्।

२१ फागुनको निर्वाचन नजिकिँदै गर्दा यसप्रकारका भ्रामक प्रचार सामग्रीले सामाजिक सञ्जाल तातेका छन्। निर्वाचन नजिकिँदै जाँदा मिथ्या एवं गलत सूचनाको बाढीले आमनागरिक रनभुल्लमा पर्न थालेका छन्। तर, मतदाताले भने आफूहरू त्यस्तो बाढीबाट प्रभावित भइरहेको थाहा पाउनै सकिरहेका छैनन्। किनभने, उनीहरूले मिथ्या सूचनालाई नै सही सूचनाका रूपमा ग्रहण गरिरहेका छन्। यसले गर्दा अवस्था यस्तो देखिँदै छ कि भोलि सही एवं सत्य सूचना बाहिर आउँदा पनि आममतदाताले नपत्याउने खतरा देखिँदै छ। यसले समग्र सूचना प्रणालीकै 'इकोसिस्टम'मा अवरोध उत्पन्न गरिरहेको छ।

निर्वाचन नजिकिँदै गर्दा दल र उम्मेदवारका प्रचारको गति थप द्रुत बन्दै छ। प्रायः सबैले प्रचारमा सामाजिक सञ्जाल नै प्रयोग गरेका छन्, तर त्यहाँ प्रचारभन्दा बढी दुष्प्रचार नै फैलिँदो छ। यसमा खासगरी पछिल्लो समय उम्मेदवार हुन् या तिनका सहयोगी कार्यकर्ता, तिनले एआईको प्रयोगलाई व्यापक बनाएका छन्। तर, त्यसको सदुपयोगभन्दा दुरुपयोग नै बढी भइरहेको छ। यसरी हेर्दा लाग्छ, मिथ्या सूचनाको प्रवाह मिनेटमिनेटमै फैलिइरहेको छ।

निर्वाचन आयोगले आसन्न निर्वाचनलाई मध्यनजर गर्दै आचारसंहिता जारी गरेको छ। आचारसंहितामा मिथ्या सूचना रोक्ने प्रयास पनि छ। तर, यसका लागि आवश्यक रणनीति र प्रविधिमा आयोग अझै चुस्त



देखिन सकेको छैन। आचारसंहितामा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत आयोगले मिथ्या सूचनाबारे प्रस्ट व्यवस्था गरेको छ। सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ। निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने व्यवस्था आचारसंहितामा छ। सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुनेलगायत व्यवस्था पनि आचारसंहितामा छ।

तैपनि, अहिले सञ्जालमा यस्ता सामग्री ठुलो परिमाणमा फैलँदै गएकाले यसको नियन्त्रण आयोगका लागि चुनौतीपूर्ण बनेको छ। खासगरी, एआईका माध्यमबाट आफ्नो प्रचार गर्न, विपक्षीको गलत प्रचार गर्न या विरोधीलाई तल पार्न डिजिटल प्रविधिको दुरुपयोग गरिएको छ। मिथ्या कन्टेन्ट, फोटो, भिडियो सामग्री आदि वास्तविकजस्तै लाग्छन्। सामान्य प्रयोगकर्तालाई ती सामग्री सही हुन् या गलत भनेर छुट्याउनै गाह्रो पर्ने गरेको छ। यसको सही या गलत भनेर परीक्षण गर्ने सिप सबैसँग हुने कुरा पनि भएन। यसैले नागरिकलाई प्रभावित पर्ने खतरा बढाएको छ। यस्तो अवस्था चुनाव जति नजिकिँदै छ, त्यति नै बढ्दै छ।

प्लेटफर्म र नियामकले यसलाई सच्याउन संघर्ष गरिरहेका वेला इन्टरनेट प्रयोगकर्ताहरू चुनावी जानकारीको शुद्धता जाँच गर्न सतर्क हुनुपर्छ। गैरपक्षीय पत्रकारिता संगठन प्रोपब्लिकले तपाईंले पढिरहेको सामग्री सक्कली हो कि नक्कली भनेर निर्धारण गर्ने उपयोगी 'गाइड' प्रकाशित गरेको छ।

प्रभावकारी लोकतन्त्रका लागि सूचित नागरिक आवश्यक हुन्छन् र लोकतन्त्रमा निर्वाचनमा भाग लिनु आवश्यक जिम्मेवारी हो। अनलाइन प्लेटफर्मले प्रयोगकर्तालाई प्रामाणिक स्रोत र नक्कली समाचारबिचको भिन्नता छुट्याउन आवश्यक उपकरण प्रदान गर्न अझै धेरै लामो बाटो तय गर्न बाँकी नै छ। तैपनि, निर्वाचनको मुखमा हुने मिथ्या सूचनाको बाढी रोक्नु आज राज्यको टाउको दुखाइको विषय भए पनि यसलाई हल्का रूपमा लिएर पन्छिन मिल्दैन।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पले चाहेजस्तै भेनेजुएलाको तेल किन्न तयार होला भारत ?

गत साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतसँग व्यापार सम्झौताको घोषणा गर्दा उनले सम्झौताको एक अंशको रूपमा नयाँदिल्ली रुसी ऊर्जाबाट टाढा रहने बताए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी तेल किन्न बन्द गर्ने र यसको सट्टा संयुक्त राज्य अमेरिका र भेनेजुएलाबाट कच्चा तेल किन्न वाचा गरेको ट्रम्पले दाबी गरे।



● यशराज शर्मा

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई जनवरीको सुरुमा अमेरिकी विशेष सेनाले अपहरण गरेदेखि नै अमेरिकाले भेनेजुएलाको विशाल तेल उद्योगलाई प्रभावकारी रूपमा नियन्त्रणमा लिएको छ।

बदलामा, ट्रम्पले भारतीय सामानमा व्यापार शुल्क कुल ५० प्रतिशतबाट घटाएर १८ प्रतिशतमा झारेका छन्। त्यो ५० प्रतिशत शुल्कको आधा भाग गत वर्ष भारतले रुसी तेल किनेकोमा सजायको रूपमा लगाइएको थियो, जसलाई ह्वाइट हाउसले युक्रेनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको युद्धलाई आर्थिक सहयोग गरिरहेको दाबी गर्छ।

भारतले रुसी तेल खरिद बन्द गर्छ र भेनेजुएलाको कच्चा तेललाई अँगाल्ने प्रतिबद्धता जनाएको छ भन्नेबारे नयाँदिल्लीले सार्वजनिक रूपमा पुष्टि नगरेको विश्लेषकहरू टिप्पणी गर्छन्। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले मंगलबार पत्रकारलाई भने कि रुसले पनि भारतबाट यसको कुनै संकेत पाएको छैन।

अनि, रुसी तेलबाट भेनेजुएलाको तेलमा जान सजिलो भने हुनेछैन। ऊर्जा बजारमा आउने झट्का, लागत, भूगोल र विभिन्न प्रकारका तेलका विशेषताजस्ता अन्य कारणले नयाँदिल्लीको तेलको स्रोतको निर्णयलाई जटिल बनाउनेछ। त्यसो भए के भारतले साँच्चै रुसी तेल छाड्न सक्छ ? के भेनेजुएलाको कच्चा तेलले यसलाई प्रतिस्थापन गर्न सक्छ ?

■ ट्रम्पको योजना के छ ?

ट्रम्पले महिनौंदेखि भारतलाई रुसी तेल किन्न बन्द गर्न दबाब दिइरहेका छन्। २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि अमेरिका र युरोपेली संघले युद्धका लागि वित्तपोषण गर्ने रुसी क्षमतालाई सीमित गर्न रुसी कच्चा तेलको मूल्यसीमा तोकेका थिए।

फलस्वरूप, भारतलगायत अन्य देशले ठुलो मात्रामा सस्तो रुसी तेल किन्न थाले। युद्धअघि रुसबाट आफ्नो तेलको २.५ प्रतिशत मात्र प्राप्त गर्ने भारत, चीनपछि रुसी तेलको दोस्रो ठुलो उपभोक्ता बन्यो। हाल यसले आफ्नो तेलको लगभग ३० प्रतिशत रुसबाट प्राप्त गर्छ। गत वर्ष, ट्रम्पले यसको सजाय स्वरूप भारतीय सामानमा व्यापार शुल्क २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुऱ्याएका थिए। वर्षको पछि ट्रम्पले रुसका दुई ठूला तेल कम्पनीमाथि पनि प्रतिबन्ध लगाए र यी फर्मसँग व्यापार गर्ने देश र संस्थाविरुद्ध दोस्रो प्रतिबन्ध लगाउने धम्की दिए। जनवरीको सुरुमा अमेरिकी सेनाद्वारा मदुरोको अपहरणपछि ट्रम्पले भेनेजुएलाको तेल क्षेत्रलाई प्रभावकारी रूपमा आफ्नो नियन्त्रणमा लिएका छन्। भेनेजुएलामा विश्वको सबैभन्दा ठुलो प्रमाणित तेल भण्डार पनि छ (अनुमानित ३०३ अर्ब ब्यारेल), जुन विश्वको सबैभन्दा ठुलो तेल उत्पादक अमेरिकाको भन्दा पाँच गुणा बढी हो। तर, अमेरिकाको दृष्टिकोणबाट भारतलाई भेनेजुएलाको तेल किन्न लगाउनु अर्थपूर्ण भए पनि यो सञ्चालनका हिसाबले अस्तव्यस्त हुन सक्ने विश्लेषकहरू बताउँछन्।



भारतलाई भेनेजुएलाको तेल बेच्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको योजना राम्रो भए पनि व्यावहारिक रूपमा कठिनाइ भएको विज्ञहरूको भनाइ

■ रुसबाट कति तेल आयात गर्छ ?

विश्लेषण कम्पनी केप्लरका अनुसार भारतले हाल प्रतिदिन लगभग ११ लाख ब्यारेल (विपिडी) रुसी कच्चा तेल आयात गर्छ। ट्रम्पको बढ्दो दबाबका कारण यो डिसेम्बर २०२५ मा औसत १.२१ मिलियन ब्यारेल विपिडीभन्दा कम र २०२५ को मध्यमा २० लाख ब्यारेल विपडीभन्दा बढी हो।

एक ब्यारेल १५९ लिटर (४२ ग्यालन) कच्चा तेलबराबर हुन्छ। एकपटक प्रशोधन गरिसकेपछि एक ब्यारेलले सामान्यतया कारका लागि लगभग ७३ लिटर (१९ ग्यालन) पेट्रोल उत्पादन गर्छ। जेट इन्धनदेखि प्लास्टिक र लोसनलगायत घरायसी वस्तुसम्म विभिन्न प्रकारका उत्पादन गर्न तेललाई पनि प्रशोधन गरिन्छ।

■ भारतले रुसी तेल खरिद रोकेको छ ?

भारतले विगत एक वर्षदेखि रुसबाट खरिद गर्ने तेलको मात्रा घटाएको छ, तर यसले यसलाई पूर्ण रूपमा खरिद रोकेको छैन। ट्रम्पको बढ्दो दबाबमा गत अगस्टमा भारतीय अधिकारीले अमेरिका र युरोपेली संघले नयाँदिल्लीलाई रुसी कच्चा तेलबाट पछि हट्न दबाब दिएको 'पाखण्डशैली'को आलोचना गरे। 'वास्तवमा, भारतले रुसबाट आयात गर्न थाल्यो, किनभने द्वन्द्व सुरु भएपछि परम्परागत आपूर्ति युरोपतिर मोडिएको थियो,' भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले त्यतिबेला भनेका थिए। उनले थपे कि रुसी तेल आयात गर्ने भारतको निर्णय 'भारतीय उपभोक्तालाई अनुमानित र किफायती ऊर्जा लागत सुनिश्चित गर्ने' थियो। यसका बाबजुद, चीनपछि रुसी तेल खरिद गर्ने दोस्रो ठुलो समूह भारतीय रिफाइनरहरूले हालको निर्धारित अर्डर पूरा गरेपछि आफ्नो खरिद बन्द गरिरहेको बताइएको छ।

हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेड (एचपिसिएल), मंगलोर रिफाइनरी एन्ड पेट्रोकेमिकल्स लिमिटेड (एमआरपिएल) र एचपिसिएल-मित्तल इनर्जी लिमिटेड (एचएमइएल) जस्ता प्रमुख रिफाइनरीले गत वर्ष रुसी तेल उत्पादकविरुद्ध अमेरिकी प्रतिबन्धपछि रुसबाट खरिद रोकेका थिए। इन्डियन आयल कर्पोरेसन (आइओसी), भारत पेट्रोलियम कर्पोरेसन र रिलायन्स इन्डस्ट्रिजजस्ता अन्य खेलाडीले चाँडै आफ्नो खरिद बन्द गर्नेछन्।

यदि भारतले रुसी तेल आयात पूर्ण रूपमा बन्द गर्न चाहे पनि विश्लेषकको तर्क छ कि त्यसो गर्नु अत्यन्तै महँगो हुनेछ। गत वर्ष सेप्टेम्बरमा भारतका तेल तथा पेट्रोलियम मन्त्री हरदीप सिंह पुरीले पत्रकारलाई भनेका थिए कि नयाँदिल्लीले ऊर्जाको मूल्य र इन्धनको मुद्रास्फीतिमा पनि तीव्र वृद्धि गर्नेछ। 'आपूर्ति अवरुद्ध भएमा विश्वले गम्भीर परिणामहरूको सामना गर्नेछ। विश्वले रुसलाई तेल बजारबाट टाढा राख्न सक्दैन,' पुरीले भने। विश्लेषकहरू सहमत हुने सम्भावना बढी हुन्छ। 'भारतले रुसी तेल खरिद गर्दा पूर्ण रूपमा रोक लगाउनु ठुलो अवरोध हुनेछ।

शर्मा स्वतन्त्र पत्रकार हुन्
अलजजिराबाट

जापानमा सत्तारुढ एलडिपीलाई दुईतिहाइ

टोकियो / जापानको आमनिर्वाचनमा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) ले ऐतिहासिक विजय हासिल गरेको छ। आइतबारको चुनावमा एलडिपीले ४६५ सिटमध्ये ३१६ सिट जितेको छ। १९४७ मा जापानको संसद्को हालको स्वरूपमा स्थापना भएपछि कुनै पार्टीले तल्लो सदनमा दुईतिहाइ बहुमत प्राप्त गरेको यो पहिलोपटक हो।

एलडिपीको गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले थप ३६ निर्वाचन क्षेत्रमा जित हासिल गऱ्यो, जसले उनीहरूको कुल सिट संख्या ३५२ पुऱ्यायो। यो सानदार जनादेश ताकाइचीका लागि एउटा जुवा हो, जसले जापानमा थिलथिलो परेको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने र जीवनयापनको लागतको समस्यालाई सम्बोधन गर्ने चुनौतीको सामना गर्नुपर्नेछ। पार्टीले दुईतिहाइ मत ल्याएसँगै प्रधानमन्त्री ताकाचीले कर कटौती गर्ने र आफ्नो मन्त्रिपरिषद्लाई अक्षुण्ण राख्ने वाचा गरेकी छिन्। सोमबार जापानी सेयर बजारमा कीर्तिमानी उचाइ कायम रह्यो।

सोमबारको सुरुवाती कारोबारमा निक्केई २२५ सूचकांक पाँच प्रतिशतभन्दा बढीले बढ्यो, पहिलोपटक छोटो समयका लागि ५७ हजार अंक पार गऱ्यो। एलडिपीको निर्णायक जितले ताकाचीलाई विपक्षी दलसँग व्यापक वार्ता नगरी आफ्नो व्यवसाय समर्थक नीतिलाई अगाडि बढाउन मद्दत गर्नेछ।

हङकङका मिडिया टाइकुन जिमी लाईलाई २० वर्ष कारागार


बेइजिङ / हङकङका लोकतन्त्र समर्थक मिडिया टाइकुन जिमी लाईलाई २० वर्षको जेल सजाय सुनाइएको छ। विदेशी सेनासँग मिलेर काम गरेको आरोपमा हङकङको विवादास्पद राष्ट्रिय सुरक्षा कानुनअन्तर्गत अधिकार ७८ वर्षीय लाईलाई जेल सजाय सुनाइएको हो। परिवारले उनको स्वास्थ्यबारे चिन्ता व्यक्त गरेका छन्, तर हङकङका नेताले यो 'गहिरो सन्तोषजनक' भएको बताएका छन्। यो कानुनअन्तर्गत दिइएको सबैभन्दा कठोर सजाय हो। बेलायती नागरिक लाई कानुनअन्तर्गत पक्राउ परेका सर्यौंमध्ये सबैभन्दा प्रमुख हुन्।



चीनका कट्टर आलोचक उनले प्रायः आफ्नो पत्रिका एप्पल डेलीलाई विरोधको उपकरणको रूपमा प्रयोग गर्थे। 'यो अविश्वसनीय रूपमा हृदयविदारक छ,' लाईका छोरा सेबास्टियनले बिबिसीलाई भने। उनले बेलायत सरकारसँग लाईको जेल सजायको कुरा बारम्बार उठाएको तर आफ्ना बाबु स्पष्ट रूपमा जेलमा रहेको बताए। सेबास्टियन लाई र अन्य कतिपयले प्रधानमन्त्री केयर स्टारमरको हालैको चीन भ्रमणलाई खेर गएको अवसरको रूपमा आलोचना गरेका छन्। यो सजायले 'हङकङको कानुनी प्रणालीको पूर्ण विनाश र न्यायको अन्त्यलाई जनाउँछ,' सेबास्टियनले थपे। यद्यपि, हङकङका अधिकारीहरू र चीनको विदेश मन्त्रालयले लाईको सजायले सहरको कानुनको शासन प्रदर्शन गर्ने कुरामा जोड दिएका छन्। लाईलाई सजाय सुनाउँदा न्यायाधीशले उनको 'गम्भीर आपराधिक आचरण'को निन्दा गरे र भने कि उनी 'सबैभन्दा गम्भीर' श्रेणीका षड्यन्त्रमा संलग्न थिए।

सोमबार बिहान सजाय सुनाउनुअघि अदालत वरिपरि प्रहरीको बाक्लो उपस्थिति थियो। तर, लाईका समर्थकको भिड पनि थियो, जसमध्ये केहीले उनीमाथि सजाय सुनाउनअघि नै केही दिनअघिदेखि अदालतमा बसेका थिए।

इतिहासमा आज फेब्रुअरी १०



सन् १९०४ : रुस र जापानले एक-अर्कोविरुद्ध युद्धको घोषणा गरे।

सन् १७६३ : पेरिस सन्धिमा हस्ताक्षर भयो। हस्ताक्षरसँगै फ्रान्स र बेलायतबिचको सात वर्ष लामो क्षेत्रीय द्वन्द्व अन्त्य भएको थियो।

सन् १९३९ : जापानीहरूले फ्रान्सेली इन्डोचिनाको हाइनान टापु कब्जा गरे।

सन् १९६२ : सोभियत संघले पक्राउ गरेका अमेरिकी जासुस फ्रान्सिस ग्यारी पावर्स रिहा। कब्जा गरिएका सोभियत जासुस रुडोल्फ इवानोबिच एबेलको रिहापछि पावर्समुक्त भएका थिए।

सन् १९६४ : अस्ट्रेलियामा एक विमानवाहक जहाज दुर्घटना हुँदा ८२ जनाको मृत्यु भयो। विनाशकारी एचएमएएस भोयगर र विमानवाहक एचएमएएस मेलबर्न ठोकिँदा भोयगरको आधा भाग काटिएर समुद्रमा डुबेको थियो।

सन् १९९० : अन्तरिक्षयान ग्यालिलियोले बृहस्पति ग्रहको अनुसन्धान गर्न जाने क्रममा शुक्र ग्रह पार गरेको थियो।

सन् २००९ : अन्तरिक्षमा दुईवटा भूउपग्रह ठोक्किए। दुर्घटनामा अमेरिकी भूउपग्रह इरिडियम ३३ र रुसको कसमस २२५१ ध्वस्त भएका थिए।

क.र.का.दर्ता नं. : ९६८६७/०६९०७०

महुली लघुवित्त वित्तिय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालय : अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

Unaudited 2nd Quarter Financial Result Of F.Y 2082/83

CONDENSED STATEMENT OF FINANCIAL POSITION
For the Quarter ended Poush 30, 2082

Assets	This Quarter Ending	Immediate Previous Year Ending (unaudited)
Cash and Cash Equivalents	357,909,598.61	442,957,985.99
Statutory Balances and due from Nepal Rastra Bank	25,004,500.00	5,000.00
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loans & Advances to Customers	5,708,859,708.33	5,247,941,255.11
Investment Securities	1,000,000.00	1,000,000.00
Current Tax Assets	-	6,818,709.78
Investment property	-	-
Property and Equivement	29,946,494.69	30,077,963.23
Goodwill and Intangible Assets	529,459.32	733,117.46
Deferred Tax Assets	55,530,705.96	22,166,947.68
Other Assets	39,005,439.77	34,716,635.61
Total Assets	**6,217,785,906.68**	**5,786,417,614.86**
Liabilities		
Due to Bank and financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Finacial Instruments	-	-
Deposit from Customers	1,928,571,033.74	1,830,212,896.45
Borrowings	3,267,653,528.82	2,910,098,130.29
Current Tax Liabilities	1,462,686.96	-
Provisions	11,382,757.30	10,691,840.30
Deffered Tax Liabilites	-	-
Other Liabilities	245,899,363.28	242,353,645.51
Debt Securities Issued	-	-
Subordinate Liabilities	-	-
Total Liabilities	**5,454,969,370.10**	**4,993,356,512.55**
Equity		
Share Capital	387,494,866.46	369,923,500.20
Share Premium		-
Retained Earning	71,306,149.07	124,196,855.34
Reserves	304,015,521.05	298,940,746.77
Total Equity	**762,816,536.58**	**793,061,102.30**
Total Liabilities & Equity	**6,217,785,906.68**	**5,786,417,614.86**

CONDENSED STATEMENT OF PROFIT & LOSS
For the Quarter ended Poush 30, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	198,238,753.51	394,175,119.41	165,010,417.88	341,749,696.16
Interest Expense	82,309,225.09	166,872,003.41	84,590,922.38	176,895,570.42
Net Interest Income	**115,929,528.42**	**227,303,116.00**	**80,419,495.50**	**164,854,125.74**
Fee & Commission Income	16,549,895.98	31,967,103.43	13,598,543.50	21,414,654.10
Fee & Commission Expenses	10,700,701.45	10,769,701.45	1,080,243.00	1,080,243.00
Net Fee & Commission Income	**5,849,194.53**	**21,197,401.98**	**12,518,300.50**	**20,334,411.10**
Net Interest, Fee & Commission Income	**121,778,722.95**	**248,500,517.98**	**92,937,796.00**	**185,188,536.84**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	(19,984.17)	-
Total Operating Income	**121,778,722.95**	**248,500,517.98**	**92,917,811.83**	**185,188,536.84**
Impairment Charge/ (Reversal) for Loans and Other Lossess	19,562,547.41	27,049,122.81	28,308,928.31	58,259,400.42
Net Operating Income	**102,216,175.54**	**221,451,395.17**	**64,608,883.52**	**126,929,136.42**
Operating Expenses				
Personnel expenses	43,354,531.95	96,670,540.86	39,310,695.28	87,754,796.21
Other Operating expenses	6,781,313.91	22,315,292.39	11,954,566.05	24,091,964.37
Depreciation & Amortisation	1,303,982.47	2,435,758.68	1,186,595.51	2,282,656.91
Operating Profit	**50,776,347.21**	**100,029,803.24**	**12,157,026.68**	**12,799,718.93**
Non Operating Income	-	-	-	-
Non Operating expenses	-	-	-	-
Profit before income tax	**50,776,347.21**	**100,029,803.24**	**12,157,026.68**	**12,799,718.93**
Income Tax expenses				
Current Tax	15,232,904.16	30,008,940.97	3,647,108.00	3,839,915.68
Deferred Tax	-			-
Profit/(loss) for the period	**35,543,443.05**	**70,020,862.27**	**8,509,918.67**	**8,959,803.25**

Condensed Consolidated Statement of Other Comprehensive Income

Profit/ (Loss) for the period	35,543,443.05	70,020,862.27	8,509,918.67	8,959,803.25
Other Comprehensive income	-	-		
Total Comprehensive Income	**35,543,443.05**	**70,020,862.27**	**8,509,918.67**	**8,959,803.25**
Basic earnings per share	-	36.14	-	5.56
Diluted earnings per share	-	36.14	-	5.56
Profit for the period	**35,543,443.05**	**70,020,862.27**	**8,509,918.67**	**8,959,803.25**
Total	**35,543,443.05**	**70,020,862.27**	**8,509,918.67**	**8,959,803.25**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital fund to RWA		9.37%		8.87%
Non Performing loan (NPL) to total loan		8.80%		4.89%
Total loan loss provision to total NPL		76.32%		123.10%
Cost of Funds		6.64%		7.57%
Credit to Deposit and borrowing Ratio		309.43%		111.69%
Base Rate		11.59%		12.82%
Interest Rate Spread		7.43%		7.42%

Statement of Distributable Profit or Loss
For the Quarter ended Poush 30, 2082
(As per NRB Regulation)

Particulars	Current Year	Previous Year
	Upto this Qtr YTD	Corresponding Qtr YTD
Net profit as per statement of profit and loss	**70,020,862.27**	**8,959,803.25**
1. Appropriations		
a. General reserve	(14,004,172.45)	(1,791,960.65)
b. Foreign exchange fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate social responsibility fund	(700,208.62)	(89,598.03)
e. Employees training fund		-
f. Client Protection Fund	(1,400,417.25)	(89,598.03)
g.Others		13,000.00
Profit or (loss) before regulatory adjustment	**53,916,063.94**	**7,001,646.53**

Regulatory Adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(15,951,979.24)	(32,823,993.56)
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)		
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)		
g. Bargain purchase gain recognised (-)/reserval (+)		
h. Acturial loss recognised (-)/reversal (+)	-	-
i. Other (+/-)		
j. Restructured and Rescheduled Reserve recognised (-)/ reversal (+)	4,110,859.03	6,943,177.46
Net Profit for the 2nd Quarter end, 2082 available for Distribution	**42,074,943.73**	**(18,879,169.57)**
Opening Retained Earning	47,712,380.35	26,466,702.56
Adjustment(+/-)	15,000.00	-
Distribution		
Bonus share issued	(17,571,366.26)	-
Cash dividend paid	(924,808.75)	-
Total Distributable profit or (loss) as on Quarter end date	71,306,149.07	7,587,532.99
Annulised Distributable profit/loss per share	18.40	4.71

Note:
1. Figures presented above may vary with the audited figures if instructed by the regulator and / or statutory auditors.
2. The microfinance has measured preliminary ECL with some assumption which may vary upon full fledge implementation of ECL model in line with applicable standard NFRS-09 and direction of NRB. Impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per ECL Model.
3. The microfinace has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate(EIR) and have been recognized directly in the Statement of Profit and Loss.
4. Loans and advances are presented net of impairment charges and includes interest accruals and staff loans.
5. Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act.
6. Figures are regrouped /rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. The detailed interim financial report has been published in the website.(https://www.mslbsl.com.np)

***Interest Rate On Loan & Advance :12.34-14.38% and Deposits : 7.50-13%**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम ३६ को उप नियम (१) संग सम्बन्धीत)
आ.ब. २०८१/०८३ को दोस्रो त्रैमासिक विवरण

१ **वित्तीय विवरण**
क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।
ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तीको मूल्य	तरलता अनुपात
३६.१४	३५.६९	१९६.८६	१६०४.६१	१७.१२

२ **व्यवस्थापकीय विश्लेषण**
क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
यस त्रैमासको समिक्षा अवधिसम्ममा बजारमा अधिक तरलताको अवस्था कायमै रहनुका साथै यस अवधिमा कर्जाको ब्याजदर समेत घट्दो क्रममा रहेकाले र संस्थाले नयाँ नयाँ व्यवसायिक रणनिति अवलम्वन गर्दै फलस्वरुप कर्जामा अघिल्लो आर्थिक वर्षको तुलनमा उल्लेखनिय वृद्धि हासिल गरेको छ। सदस्यहरूलाई गरिने कर्जा लगानीमा वृद्धि हुनका साथै सापटी कर्जाको ब्याज दरहरू क्रमशः घट्दो क्रममा रहेको, खुद ब्याज आम्दानीमा वृद्धि भई आम्दानी तथा नाफामा अघिल्लो वर्षको तुलनामा उल्लेखनिय वृद्धी भएको छ। वित्तीय संस्थाले प्रतिस्पर्धात्मक बजारको गतिविधिलाई नजिकबाट नियाल्दै वित्तीय संस्थाको लक्ष्य अनुरुप आफ्नो सदस्यहरूलाई उचित व्याजदरमा अधिकतम् सेवा प्रदान गर्दै बजारमा प्रचलित व्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ।

ख) आगामी अवधीको व्यवस्थापकिय योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त(राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको) यस वित्तीय संस्थाले विगत १३ वर्ष देखि निरन्तर रुपमा वित्तीय पहुँच अभिवृद्धि गरी गरिवी न्युनिकरणमा योगदान गर्दै उद्यमशिलता विकास मार्फत समृद्ध समाज निर्माणमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले अगाडी बढिरहेको छ। हाल देशका सातै प्रदेशको ३४ वटा जिल्लाहरूका विभिन्न स्थानहरूमा ६४ वटा शाखा कार्यालयहरू मार्फत करिव ८४ हजार भन्दा बढी विपन्न परिवारको घरदैलोमा लघुवित्त वित्तीय सेवा प्रदान गरिरहेकोमा आगामी दिनमा थप जिल्ला तथा शाखा विस्तार गर्नुको साथै वित्तीय संस्थालाई सुचना प्रविधी मैत्री बनाउन एवं नविनत्तम सोचमा आधारित लघुवित्त कार्यक्रम संचालनको लागी उद्यमशिलता विकासमा सुचना प्रविधी (Digitalization) को भूमिकालाई मुख्य प्राथमिकतामा राखी कार्यक्रम संचालनमा जोड दिएको छ। सुचना प्रविधीमा आधारित कर्मचारीको क्षमता, कार्यकुशलतामा वृद्धी गरि उत्पादकत्व तथा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न कर्मचारीहरूलाई तालिम मार्फत सक्षम बनाउने र कार्य सम्पादन क्षमता अभिवृद्धि गर्ने योजना रहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
हालको विषम परिस्थितिले बचत परिचालन, कर्जा लगानीमा तथा असुलीमा परेको असरको कारण संस्थाको भाखा नागेको रकम तथा खराब कर्जा व्यवस्थापन कोषमा अधिक वृद्धी हुन गएको छ। वित्तीय संस्थाले विद्यमान बजारमा देखिएका विविध राम्रो नराम्रो गतिविधिलाई विश्लेषण गर्दै त्यसबाट हुन सक्ने असर प्रति सदैव सजक भई आफ्नो सदस्यहरू प्रति सेवामुखी कार्यक्रम, वित्तीय साक्षारता कार्यक्रम, सिपमुलक तालिम जस्ता कार्यक्रमहरू मार्फत सदस्यहरूलाई जागरुक उद्यमी बनाई अधिकतम सेवा दिन सकेमा आगामी दिनमा व्यवसाय विस्तार गर्न सक्ने देखिन्छ। तथापि वित्तीय संस्थाको विगतको कार्य अनुभव समय सापेक्षको कार्य रणनीति, जोखिम व्यवस्थापन सम्बन्धी रणनीतिबाट चुनौतिको समाधन गर्दै वित्तीय संस्थाको अगामी लक्ष्यहरू पुरा हुनेमा वित्तीय संस्था विश्वस्त रहेको छ।

३ **कानुनी कार्यवाही सम्बन्धी विवरण**
क) यस त्रैमासिक अवधीमा यस वित्तीय संस्थाले वा संस्था उपर कुनै किसिमको मुद्दा दायर भएको छैन।
ख) कुनै पनि संचालक उपर फौज्दारी मुद्दा चलेको छैन।
ग) कुनै पनि संचालक उपर आर्थिक मुद्दा चलेको छैन।

४ **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**
क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागी संस्थाले नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।
ख) नेपाल स्टक एक्स्चेन्जको वेवसाईट अनुसार यस त्रैमासको अवधीमा निम्नानुसारले कारोवार भएको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
१,६३४.००	१,२४५.१०	१,२९०.००	५५ दिन	४,२७३

५ **समस्या तथा चुनौती**
लघुवित्त क्षेत्रमा देखा परेको नियतपुर्वक कर्जा नतिर्ने सदस्यहरूको वृद्धी, सदस्यहरूमा वित्तीय साक्षरताको कमी, सामूहिक जमानीको दायित्व कमजोर हुदै जानु, बाह्य कर्जा मिनाहाको हल्ला, सदस्यहरूको व्यापार व्यवसायमा परेको असरको कारण कर्जाको माग तथा गुणस्तरमा ह्रास, कर्मचारीको टर्नओभर जस्ता कारणले दक्ष जनशक्तीको पलायन हुनुका साथै वर्तमान राजनितिक अन्योलता र त्यसबाट परेको असर तथा बर्दलिदो राजनैतिक अवस्था र गैर वित्तीय अराजकता अझै पनि कायमै रहनु, व्यवसायिक गतिविधिमा संकुचन हुनु जस्ता कारण थप नयाँ कर्जा विस्तार तथा असुलीमा असर पर्न सक्ने चुनौती देखिएको छ।

६ **संस्थागत सुशासन**
यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुका साथै प्रचलित ऐनहरू, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३, तथा आयकर ऐन २०५८ को पालना गरेको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासनिक विनियमावली, कर्जा अपलेखन नीति, सूचना प्रविधी नीति, वचत नीति, कर्जा नीति, निर्देशिका, नगद संचालन कार्यविधी, धितो कर्जा कार्यविधी, सवारि साधन संचालन कार्यविधी, अनुगमन नीति, आन्तरिक लेखापरीक्षण नीति तयार गरि कार्यान्वयनमा ल्याईएको छ। वित्तीय संस्थाले आफ्नो कारोवार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक व्यवस्थापन तथा जोखिम व्यवस्थापनको कार्य प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति, कर्जा असुली समिति गठन गरि कार्यान्वयनमा ल्याईएको छ।

७ **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्ण छन् र लगानीकर्त्ताहरूलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन।

८ **नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** छैन

निर्वाचन आचारसंहिताले रोक्यो बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

निर्वाचन आचारसंहिताका कारण नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया तत्काललाई रोकिएको छ। अब चुनावपछि मात्रै अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउने तयारीमा अर्थ मन्त्रालय पुगेको छ। सम्भवतः चुनावपछि आउने सरकारले प्राधिकरणको अध्यक्ष नियुक्ति गर्नेछ।

सर्वोच्च अदालतले प्राधिकरणको अध्यक्षबाट बर्खास्तविरुद्ध शरद ओझालाई दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने गरी गत १८ माघमा आदेश जारी गरेको छ। न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दिएको थियो।

गत १२ फागुनमा मन्त्रिपरिषद्ले ओझालाई प्राधिकरणको अध्यक्ष नियुक्त गरेको थियो। तर, त्यसमा विवाद आएपछि सरकारले छानबिन समिति बनाएर २ भदौमा ओझालाई बर्खास्त गरेको थियो। त्यसपछि सरकारले नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढायो। १५-२१ भदौको म्याद राखेर अध्यक्षका लागि आह्वान गरिएको प्रस्तावमा १४ जनाले आवेदन दिएका छन्। उता ओझाले २२ भदौमा आफ्नो बर्खास्तविरुद्ध रिट दिए। त्यसमा २३ फागुनमा सर्वोच्च अदालतका न्यायाधीश सारंगा सुवेदीको इजलासले अल्पकालीन अन्तरिम आदेश दिएको थियो।

नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि यथास्थितिमा रह्यो। त्यसपछि जेन-जी आन्दोलनको प्रभावले अदालत बन्द भएपछि ओझाले लिखित आदेश पाउन सकेनन्। पछि लिखित आदेश आए पनि उनलाई अर्थ मन्त्रालयले प्राधिकरणमा हाजिर गर्न दिएन। उनले अर्थमन्त्री रामेश्वर खनाललाई अदालतको अवहेलनासम्बन्धी मुद्दासमेत हालेका थिए। तर, बर्खास्तविरुद्ध र अवहेलनाको मुद्दामा लामो समयसम्म अन्तरिम आदेशका लागि सुनुवाइ भएन। गत १८ भदौमा पनि सर्वोच्चले अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दै अल्पकालीन अन्तरिम आदेश पनि निरन्तर नहुने गरी आदेश जारी गरेको हो।

योसँगै नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउन बाटो खुला भएको छ। तर, निर्वाचन आचारसंहिताका कारण त्यो तत्काल सम्भव नहुने देखिएको छ। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरेर गत माघ ५ गतेदेखि आचारसंहिता लागू भएको छ। यो अवधिमा सरकारले नियुक्ति तथा ठुला निर्णय गर्न पाउँदैन। अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले निर्वाचन आचारसंहिताका कारण तत्काल प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया तत्काल अघि नबढ्ने बताए। 'अदालतको आदेशसँगै नयाँ अध्यक्ष नियुक्ति गर्न बाटो खुला भएको छ। तर, निर्वाचन आचारसंहिताका कारण तत्काल अध्यक्ष नियुक्ति गर्न नमिल्ने देखियो। तसर्थ, अब चुनावपछि मात्रै प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्नेछ,' उनले भने, 'त्यसवेलासम्म हामीले आन्तरिक तयारी भने पूरा गर्छौं।'

अब सरकारले पुरानो प्रक्रिया खारेज गरेर पुनः सुरुदेखि नै प्रक्रिया अघि बढाउन सक्छ। वा, अहिले रोकिएकै प्रक्रियामा म्याद थप गरेर वा सोही विन्दुबाट थप कारबाही अघि बढाउन सक्छ। 'अहिले आवेदन दिएमध्येमा सरकारले चाहेको व्यक्ति छ भने यही प्रक्रिया अघि बढ्न सक्छ। अन्यथा म्याद थप पनि हुन सक्छ,' एक कर्मचारीले भने, 'यो पूर्णतः सरकारको हातमा छ।' अहिले प्राधिकरण अध्यक्षको जिम्मेवारी सचिव चन्द्रकला पौडेललाई तोकिएको छ।

अर्थ मन्त्रालयका अनुसार घनश्याम बुढाथोकी, विक्रान्त पाण्डे, पारस काफ्ले, विष्णुबाबु मिश्र, बुद्धकाजी श्रेष्ठ, डा. दामोदर बसौला, चिन्तामणि शिवाकोटी, ज्ञानेन्द्र अधिकारी, देवकुमार ढकाल, प्राडा, दीपकबहादुर भण्डारी, डा. राजेन्द्र पण्डित, यज्ञप्रसाद न्यौपाने, रमेशकुमार भट्टराई र महेश्वर न्यौपानेले अध्यक्षका लागि आवेदन दिएर बसेका छन्।



अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेय भन्छन्-
निर्वाचन आचारसंहिताका कारण तत्काल प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया अघि नबढ्ने भएको छ। अदालतको आदेशसँगै नयाँ अध्यक्ष नियुक्ति गर्न बाटो खुला भएको छ। तर, निर्वाचन आचारसंहिताका कारण तत्काल अध्यक्ष नियुक्ति गर्न नमिल्ने देखियो। तसर्थ, अब चुनावपछि मात्रै प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्नेछ, त्यसवेलासम्म हामीले आन्तरिक तयारी भने पूरा गर्छौं।



■ अनुगमनमा निस्किएको वाणिज्य विभागको निष्कर्ष

मागको एकतिहाइ मात्रै आपूर्ति भएकाले ग्यास अभाव

तर, निगम भन्छ- नियमितभन्दा बढी भइरहेको छ ग्यास आयात

अजित अधिकारी/नयाँ पत्रिका

अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले मागको तुलनामा न्यून ग्यास आपूर्ति भएकाले बजारमा अभाव कायम रहेको निष्कर्ष निकालेको छ। सोमबार दिउँसो विभागले आयल निगम र गुणस्तर तथा नापतौल विभागसहित चारवटा टोली संयुक्त अनुगमनमा खटाएको थियो। ती टोलीले कीर्तिपुर, कलंकी, कुलेश्वर, सोह्रखुट्टे, नयाँ बसपार्क, बालाजु, भक्तपुर, कोटेश्वर र चक्रपथआसपास क्षेत्रका ग्यास डिलर, वितरक र उद्योगमा समेत पुगेर अनुगमन गरेका छन्। उक्त अनुगमनमा खटिएका सबै टोलीले मागभन्दा न्यून ग्यास आपूर्ति भएको फेला परेको विभागका निर्देशक नरहरि तिवारीले बताए। उनका अनुसार मागको एकतिहाइ मात्रै आपूर्ति भएकाले उपभोक्ताले खाजेका वेला ग्यास पाउन समस्या भएको हो। 'अहिले माग ह्वात्तै बढेको छ, तर बजारमा मागको एकतिहाइ पनि ग्यास आपूर्ति नभइरहेको पायौँ,' उनले भने, 'आयात बढाएर आपूर्ति सहज गर्नुको विकल्प छैन।' आयल निगमले भने दैनिक औसत मागभन्दा बढी आयात र वितरण भइरहेको दाबी गरेको छ। 'आयल निगमले तुरुन्तै अहिलेको मागअनुसार आयात क्षमता वृद्धि गर्नुपर्छ। औसत मागभन्दा बढी आयात भयो भन्ने टालटुले कुरा गरेर आपूर्ति सहज हुँदैन,' उनले भने, 'उद्योग र डिलरकहाँ उपभोक्ताको लाइन छ।' मुलुकभर दैनिक औसत एक लाख सिलिन्डर ग्यास खपत हुने गरेको छ। निगमले माघ लागेयता दैनिक सवा लाख सिलिन्डर भर्न पुग्ने ग्यास आयात गरिरहेको दाबी गरेको छ। तर, बजारमा आपूर्ति सहज हुन सकिरहेको छैन।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले मागभन्दा बढी आयात गर्न कोटा निर्धारण भइरहेको बताए। 'विगतको भन्दा बढी ग्यास आयात भइरहेको छ। फेब्रुअरीमा मात्रै नियमितभन्दा दुई हजार टन बढी ग्यास आयातका लागि स्वीकृति प्रदान गरिएको छ,' उनले भने, 'काठमाडौंमा दैनिक ४० हजार थान ग्यास भरिएका सिलिन्डर आपूर्ति भइरहेको छ।'

मासिक ४७ हजार टनसम्म ग्यास आयात भइरहेकामा निगमले फेब्रुअरीका लागि ४९ हजार पाँच सय टन आयातको कोटा स्वीकृत गरेको जनाएको छ। प्रवक्ता ठाकुरले काठमाडौंमा बजारीकरण गरिरहेका २३ वटा उद्योगले डिलरलाई नियमित रूपले ग्यास उपलब्ध गराइरहेको जानकारी दिए। तर,



उपभोक्ताले घरमा सञ्चय गरेर राखेको खाली सिलिन्डरमा समेत अभावको त्रासले ग्यास भरेर राख्न थालेकाले आपूर्ति सहज गराउन कठिनाइ भइरहेको बताए। 'घरमा रहेका सबै खाली सिलिन्डर भरेर राख्ने प्रवृत्ति बढ्यो, त्यसैले पनि आपूर्ति सहज गराउन केही समय लागिरहेको छ,' उनले भने।

सोमबार अनुगमनमा खटिएका वाणिज्य विभागका निर्देशक तिवारीले डिलरकहाँ ग्यास आउनासाथ सकिने गरेको बताए। '२५-२६ वटा डिलरकहाँ अनुगमनमा पुग्यौँ, त्यहाँ ग्यास आउनासाथ सकिहाल्ने अवस्था पायौँ। औसत मागभन्दा बढी आयात भइरहेको तथ्यसँग अनुगमन टोली सन्तुष्ट हुन नसक्ने उनको भनाइ छ। 'बढी ग्यास आएको होइन, मागअनुसार नआएको हो,' उनले भने, 'उद्योगले मागअनुसार ग्यास दिन सकेको छैन भन्नुको अर्थ आयातमै कमी भएको हो। त्यसैले आपूर्ति बढाउनुको विकल्प छैन।'

मुलुकभर मासिक ३० लाख सिलिन्डर ग्यास खपत हुने प्रक्षेपण छ। यो प्रक्षेपणअनुसार उपभोक्ताको भान्सामा ३० लाख, देशभर रहेका पाँच हजारभन्दा बढी डिलरकहाँ ३० लाख र उद्योगमा थप ३० लाख सिलिन्डर रहने अनुमान छ। यसमा थप १० लाख सिलिन्डर जोडेर कुल एक करोड थान सिलिन्डर बजारमा 'रोटेसन' भइरहने आयल निगमको तथ्यांक छ। पछिल्लो समय प्रमाणीकरण भएको सिलिन्डरको संख्या एक करोड ४० लाखभन्दा बढी छ। 'रोटेसन'मा नरहेका ४० लाख सिलिन्डर उपभोक्ताको घरमा रित्तो भएर बस्ने गरेको बुझाइ छ। तर, अहिले अभावको त्रास फैलिएपछि सबै सिलिन्डरमा ग्यास भर्न एकैपटक बजारमा ल्याइएको निगम प्रवक्ता ठाकुरको दाबी छ।

मागअनुसार आयात क्षमता वृद्धि गर्नुपर्छ

● **नरहरि तिवारी**, निर्देशक, वाणिज्य विभाग



अहिले माग ह्वात्तै बढेको छ, तर बजारमा मागको एकतिहाइ पनि ग्यास आपूर्ति नभइरहेको पायौँ। आयात बढाएर आपूर्ति सहज गर्नुको विकल्प छैन। आयल निगमले भने दैनिक औसत मागभन्दा बढी आयात र वितरण भइरहेको दाबी गरेको छ। आयल निगमले तुरुन्तै अहिलेको मागअनुसार आयात क्षमता वृद्धि गर्नुपर्छ। औसत मागभन्दा बढी आयात भयो भन्ने टालटुले कुरा गरेर आपूर्ति सहज हुँदैन, उद्योग र डिलरकहाँ उपभोक्ताको लाइन छ।

उपभोक्ता नआत्तिए समस्या हुन्न

● **मनोज ठाकुर**, प्रवक्ता, आयल निगम



रोटेसनमा नरहेका ४० लाख सिलिन्डर उपभोक्ताको घरमा रित्तो भएर बस्ने गरेको छ। तर, अहिले अभावको त्रास फैलिएपछि ती सबै सिलिन्डरमा ग्यास भर्न एकैपटक बजारमा आएपछि समस्या भएको हो। उपभोक्ता नअतालिने हो भने समस्या समाधान गर्न गाह्रो छैन। विगतको भन्दा बढी ग्यास आयात भइरहेको छ। फेब्रुअरीमा मात्रै नियमितभन्दा दुई हजार टन बढी ग्यास आयातका लागि स्वीकृति प्रदान गरिएको छ। काठमाडौंमा दैनिक ४० हजार थान ग्यास भरिएका सिलिन्डर आपूर्ति भइरहेको छ।

चारवटा उद्योगको आपूर्तिमा धेरै असहजता

काठमाडौं उपत्यकामा नेपाल, एभरेस्ट, साईबाबा र श्रीकृष्ण ग्यास उद्योगका सिलिन्डर पाउन मुस्किल भइरहेको छ। आयल निगमले सोमबार साँझ एक विज्ञप्ति जारी गर्दै चारवटै उद्योगको ग्यास नपाए सम्बन्धित व्यक्तिलाई सम्पर्क गरेर ग्यास खरिद गर्न आग्रह गरेको छ। काठमाडौंमा सबैभन्दा धेरै नेपाल ग्यासको आठ लाख सिलिन्डर बजारमा छ।

त्यसपछि एभरेस्ट ग्यासको करिब पाँच लाख सिलिन्डर छन्। धेरै उपभोक्ता रहेका दुवै उद्योगको आपूर्तिमा असहज भइरहेको वाणिज्य विभागको अनुगमनले पनि फेला पारेको छ।

CHANDRAGIRI HILLS LIMITED
CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE
Thankot, Kathmandu, www.chandragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :-
कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८२/०८३ (२०२५) को २०८२ कात्तिक १ देखि २०८२ पुस ३० (अक्टोबर १८, २०२५ देखि जनवरी १४, २०२६ सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।
(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक बर्ष २०८२/०८३ को कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ। यस दोश्रो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।
(ख) कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीषण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

विवरण	यस आ.व.को दोश्रो त्रैमासिक अवधि (पौष ३०, २०८२ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (असोज ३०, २०८२ को अन्त्यमा)	गत आ.व. को दोश्रो त्रैमासिक अवधि (पौष ३० २०८१ को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.२२	१.१२	१.१९
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	(०.०३)	(०.०१)	०.०४
प्रति शेयर आम्दानी (रु)	(३.०७)	(०.८१)	४.३३
प्रति शेयर नेटवर्थ (रु)	१०३.०२	१०६.८०	९९.७३
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	२५६.१६	२४४.३३	२३८.८४
प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु)	८५१.००	८२३.८०	८८३.००
प्राईस अर्निङ रेसियो (टाईम्स)	(२७७.६८)	(१०१६.५८)	२०३.७५
चालु अनुपात	३.६१	५.८८	२.६५

२. व्यवस्थापकीय विश्लेषण :-
(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रयमास अवधिसम्मको आर्थिक गतिविधि स्थिर रहेको छ। कम्पनीको पछिल्लो आ.व.को सोहि अवधिको तुलनामा कुल आयमा करिब ४१ प्रतिशतले कमी आएको छ।
(ख) मिति २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा कम्पनीको भौतिक संरचनाहरू तथा केवलकारका उपकरणहरूमा भएको क्षतिका कारण गत त्रैमासिकको बाँकी अवधिभर सबै आर्थिक गतिविधिहरू पूर्ण रुपमा ठप्प हुन गएको भएता पनि यस त्रैमासिक अवधिको मध्यदेखि अर्थात मंसिर १५ गतेबाट कारोबार पुन: संचालनमा आएको छ। कम्पनीको करोबारको मुख्य समयमा भएको बन्दले आर्थिक रुपमा ठूलो नोक्सानी भएको र यसको परिपुर्तिकालागि कम्पनी प्रतिबद्ध रहको तथा सोहि अनुरुपको रणनीति तय गरी कम्पनी अघि बढिरहेको छ।
(ग) सो घटनाले कम्पनीको बटम स्टेशनको मुख्य भवन परिशर र भित्रका आर्थिक कियाकलापका संरचनाहरू, कार्यालय परिशर, केबलकारको मुख्य प्रस्थान स्थल, बाहिरी क्षेत्रमा रहेका बिभिन्न स्टलहरू तथा केबलकार संचालन गर्ने मुख्य युनिटहरू लगायतका सबै उपकरणहरूमा हुन गएको क्षतिको आँकलन संकलन गर्ने काम सम्पन्न गरिएको।
(घ) यस समिक्षा अवधिको अन्तसम्ममा केवलकार भ्रमण गर्ने पर्यटकहरू तथा रिसोर्ट परिशरमा आउने पाहुनाहरूको संख्यामा पछिल्लो अवधिको तुलनामा कमिक सुधार हुँदै आइरहेको र समग्र मुलुकको परिस्थिति अनुकुल रहेमा यस आर्थिक वर्षको अन्त्यसम्ममा कम्पनीको समग्र आर्थिक परिदृश्यमा केही सकारात्मक आँकडाहरू आउन सक्ने प्रक्षेपण गरिएको छ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :-
(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।
(ख) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-
(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।
(ख) कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

दोश्रो त्रैमासिक अवधी २०८२ पौष ३० तदनुसार जनवरी १४, २०२६	शेयर कारोवार-मुल्य (रु)			कुल शेयरको कारोवार-दिन र संख्या		
	अधिकतम मुल्य	न्यूनतम मुल्य	अन्तिम मुल्य	कारोवार भएको कुल दिन	कारोवार संख्या	कुल कारोवार शेयर संख्या
	९२४.९०	८२७.००	८५१.००	५५	८,९८६	१४,१०,७५५

५. समस्या तथा चुनौती :-
(क) समस्या तथा चुनौतीहरू :
(अ) आन्तरिक
१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको।
(आ) वाह्य
१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्ने प्रभाव र सो वाट कम्पनीको कारोवारमा पर्ने असर।
२. देशमा बेलावखत भई रहने आन्दोलन र अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा परेको प्रभाव।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाहृय पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरूबाट विषेशगरी पर्यटकीय क्षेत्रमा परेको र पर्नसक्ने प्रभाव।
५. पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा बाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु।
७. विदेशी विनियम दरमा आउने परिवर्तन।
(ख) रणनीति :
क) करिब तीन महिनासम्मको लामो बन्द रहेको कम्पनीको आर्थिक गतिविधि संचालन तथा संरचानाहरूको पुन: निमार्णको मुख्य उद्देश्यसहित कम्पनीको संचालक समिति, व्यस्थापन तथा सम्पूर्ण कर्मचारीहरू एवम् विदेशी प्राविधिकहरूको सक्रियतामा मंसिर १५ गते देखि नै केबलकार लगायतका सबै सेवाहरू संचालनमा आएकोले आर्थिक गतिविधिहरू चलायमान हुदै आएको।
ख) आगामी दिनमा थप परिस्कृत र गुणस्तरीय सेवा प्रवाहका लागि कम्पनी प्रतिबद्ध रहेको छ। कम्पनीको तर्फबाट प्रचार प्रसारका गतिविधिहरूलाई निरन्तरता दिदै कम्पनीका गतिविधिहरूको समय सापेक्ष जानकारीहरू आम सेवाग्राहीहरूमा प्रवाह गरिनेछ। आगामी दिनमा समेत उत्कृष्ट सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ।
ग) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानी बृद्धिमा जोड दिने गरी बजार व्यवस्थापनको प्राथमिकतालाई निरन्तरता दिई यस अवधिको क्षतिलाई पुर्ति गर्दै सम्पूर्ण लगानीकर्ताहरूका लागि सकारात्मक प्रतिफलको प्रतिबद्धता सहितको रणनीति कार्यन्वयन गरिने।
घ) मिति २०८२ भाद्र २३ र २४ गतेका दिनमा भएको जेनजी आन्दोलनको क्रममा कम्पनी परिशरमा भएको तोडफोड, लुटपाट तथा आगजनीवाट भएको क्षतिको विवरण तयार गरी इन्सुरेन्समा विमा दावीका लागि प्रक्रिया शुरु गरिएको।

६. संस्थागत सुशासन :-
संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण देहाय बमोजिम उल्लेख गरिएको छ :
(क) कम्पनीबाट तयार गरिएको कर्मचारी विनियावली तथा आर्थिक नीति लगायतका संस्थामा रहेका विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिहरूलाई अनुसरण गर्दै आएको। आन्तिरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति लगायत विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आएको छ।
(ख) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ।
(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ।
(घ) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिदैं आएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति हुदैं संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

अनुसुची १
Chandragiri Hills Limited
Kathmandu, Nepal
STATEMENT OF UNAUDITED FINANCIAL RESULTS
As on Poush 30, 2082 BS

Particulars	Upto This Quarter ending on Poush 30, 2082 BS (Jan 14, 2026 AD) Unaudited	Upto Previous Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited	Corresponding Previous Quarter ending on Poush 29 2081 BS (January 13, 2025) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,969,641,990	2,869,095,571	2,997,732,842
(ii) Intangible Asset	3,489,696	4,296,040	4,176,233
(iii) Capital Work in Progress	100,916,119	80,245,309	7,579,814
(iv) Right of Use of Asset	38,462,961	39,147,768	43,948,057
(b) Long term Investment	325,700,000	325,700,000	315,700,000
Deferred tax asset			
Total of Non- Current Asset	**3,438,210,766**	**3,318,484,689**	**3,369,136,945**
Current Assets			
(a) Inventories	47,791,564	42,413,738	48,220,827
(b) Account Receivables	26,606,715	23,002,821	30,358,789
(c) Cash & Cash Equivalent	109,206,840	76,163,805	60,528,013
(d) Loans & Advances	290,151,846	263,299,530	121,008,979
(e) Other Current Assets	17,698,984	24,937,050	34,715,248
Total of Current Asset	**491,455,949**	**429,816,943**	**294,831,855**
Total Asset	**3,929,666,715**	**3,748,301,632**	**3,663,968,800**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	46,269,536	104,372,298	(4,195,764)
Total Equity, Reserve and Surplus	1,580,360,536	1,638,463,298	1,529,895,236
Non- Current Liabilities			
(a)Borrowings	1,934,822,433	1,836,771,101	1,822,850,826
(b) Deferred Tax Liabilites	223,695,656	147,444,531	147,444,531
(c) Lease Liability	54,678,776	52,532,116	52,533,776
Total of Non-Current Liabilities	**2,213,196,865**	**2,036,747,747**	**2,022,829,133**
Current Liabilities			
(a) Duties & Taxes	11,228,024	960,404	12,978,633
(b) Account payable	50,451,511	31,149,967	30,419,215
(c) Other Current Liabilities	74,429,779	40,980,216	67,846,583
Total of Current Liabilities	**136,109,314**	**73,090,588**	**111,244,431**
Total Equity and Liabilities	**3,929,666,715**	**3,748,301,632**	**3,663,968,800**

Statement of Unaudited Profit & Loss for the period ended on Poush 30, 2082 BS (Jan 14, 2026 AD)

Particulars	Upto This Quarter ending on Poush 30, 2082 BS (Jan 14, 2026 AD) Unaudited	Upto Previous Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited	Corresponding Previous Quarter ending on Poush 29 2081 BS (January 13, 2025) Unaudited
Revenue from Operation	248,960,471	138,707,763	422,537,743
Cost of sales	38,791,948	22,875,257	55,521,567
Gross Income	**210,168,523**	**115,832,506**	**367,016,176**
Other Income	20,683,087	10,288,867	2,442,943
Expenses			
Employee Benefits Expenses	78,010,884	41,791,932	88,320,162
Administrative and Other Expenses	46,861,862	33,396,166	52,100,599
Total Expenses	**124,872,746**	**75,188,098**	**140,420,761**
Profit Before Interest, Depreciation and Tax	**105,978,864**	**50,933,275**	**229,038,358**
Finance costs	67,490,989	34,122,520	87,365,889
Profit Before Depreciation and Tax	**38,487,875**	**16,810,754**	**141,672,469**
Depreciation and Amortization Expenses	62,685,600	29,242,483	53,324,636
Profit before extra ordinary items and taxes	**(24,197,725)**	**(12,431,728)**	**88,347,832**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	22,822,838	-	21,865,455
Profit (Loss) for the period from continuing operations	**(47,020,564)**	**(12,431,728)**	**66,482,377**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**(47,020,564)**	**(12,431,728)**	**66,482,377**
Earning per equity share:			
Basic Earning per share	(3.07)	(0.81)	4.33
Diluted Earning per share	(3.07)	(0.81)	4.33

एनआरएनए अध्यक्षमा डा. हेमराज शर्माको उम्मेदवारी



काठमाडौं/ गैरआवासीय नेपाली संघको अध्यक्षमा डा. हेमराज शर्माले उम्मेदवारी दिने घोषणा गरेका छन्। 'एनआरएनए रिब्रान्डिङ'को संकल्पसहित उनले १३ बुँदे रोडम्याप प्रस्तुत गर्दै भर्चुअल माध्यमबाट उम्मेदवारी घोषणा गरेका हुन्। संघको नयाँ नेतृत्वका लागि आगामी ३० फागुनदेखि काठमाडौंमा १२औँ महाधिवेशन तय गरिएको छ। शर्मा बेलायतस्थित लिभरपुल विश्वविद्यालयमा भौतिकशास्त्रको प्राध्यापकका रूपमा कार्यरत छन्।

संघमा स्थापनाकालदेखि नै सक्रिय डा. शर्माले करिब ५० वटा राष्ट्रिय समितिमाझ उम्मेदवारी घोषणा गर्दै एकीकृत, समावेशी, प्रविधियुक्त, परिणाममुखी, दिगो, गतिशील, उत्तरदायी, पारदर्शी र निष्ठावान एनआरएनए, बहुआयामिक ज्ञान, सिप, एनआरएनका लागि एनआरएन, नेपाल सरकारको भरपर्दो साझेदार र नवप्रवर्द्धनका लागि एनआरएनए बनाउने प्रतिबद्धता जनाएका छन्।

इपिएसपीडित युवाको आन्दोलन स्थगित

नयाँ पत्रिका

कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका युवाले थालेको आन्दोलन चुनाव अवधिभरका लागि स्थगित गरेका छन्। भाषा परीक्षा उत्तीर्ण गरे पनि कोरिया जान नपाएका युवा विभिन्न माग राखेर १८ पुसदेखि आन्दोलित थिए।

सरकारी संयन्त्र चुनावकेन्द्रित भएको र आन्दोलनका कार्यक्रमले चुनावलाई असर परेको भन्दै सरकारले ध्यानाकर्षण गराएपछि तत्काललाई सबै विरोधका कार्यक्रम फिर्ता लिएको इपिएसपीडित खोटाङका युवा अनिश खत्रीले जानकारी दिए। 'सरकारी निकायले चुनाव अवधिभर विरोधका कार्यक्रम नगर्न अनुरोध गरेकाले अहिले हामीले आन्दोलन स्थगित गरेका छौँ। तर, सरकारले कूटनीतिक पहल कायम राखेर हाम्रा माग सुनुवाइ गर्छ भन्ने विश्वास छ,' उनले भने।

करिब १२ हजार युवा भाषा परीक्षा उत्तीर्ण गरे पनि रोजगारीका लागि कोरिया जानबाट वञ्चित छन्। उनीहरूले समय र लगानी दुवै खेर गएकाले भाषा परीक्षाको मान्य अवधि दुई वर्ष थप गर्नुपर्ने, रोस्टर परिवर्तन गर्न पाउनुपर्ने, कोरियाली रोजगारदाताकहाँ फाइलहरू छिटो पठाउनुपर्ने, पुराना परीक्षार्थीको पालो नआई नयाँ भाषा परीक्षा लिन नहुनेलगायतका माग राखेका छन्।

युवाले निरन्तर धर्ना दिएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कोरियास्थित मानव संसाधन सेवा विभागलाई इपिएस प्रणालीलाई लिएर नेपालमा भइरहेको समस्याबारे ध्यानाकर्षण गराएको छ। कोरियाले सोही विषयमा छलफल गर्न १४ फागुनमा नेपाली प्रतिनिधिमण्डललाई आमन्त्रण गरेको छ। श्रम मन्त्रालयको सचिव नेतृत्वको टोली वार्ता गर्न कोरिया जाने तयारी छ।

निर्यात हुने कृषि वस्तुको अर्गानिक प्रमाणीकरण शुल्कमा अनुदान

काठमाडौं/ अर्गानिक कृषि वस्तु निर्यातकर्तालाई 'प्रांगारिक प्रमाणीकरण शुल्क'मा अनुदान लिनका लागि कृषि विभागले सूचना प्रकाशन गरेको छ। अर्गानिक कृषि वस्तु निर्यातका लागि सरकारले प्रोत्साहन गर्न बर्सेनि प्रमाणीकरण शुल्कमा अनुदान उपलब्ध गराउँदै आएको छ।

विभागले प्रांगारिक कृषि वस्तु निर्यात गर्ने व्यक्ति, कृषक समूह, सहकारी, संघ-संस्था, कम्पनी एवं निजी फर्मबाट सूचीकरण र भुक्तानी आवेदन प्रस्ताव माग गर्ने प्रयोजनका लागि सोमबार सूचना प्रकाशित गरेको हो। विभागले ढिलोमा जेठ मसान्तभित्र अर्गानिक वस्तु निर्यातकर्तालाई प्रमाणीकरण शुल्कमा अनुदान लिनका लागि आवेदन दिनुपर्ने जनाएको छ।

अनुदान रकम भने निर्यात परिमाण र वस्तुका आधारमा निर्धारण हुने गरेको विभागले जनाएको छ। अनुदान लिन तोकिएको कागजातसहित निर्यात भएको वस्तुको अनुमानित परिमाण र मूल्य खुलाएर फाराम भर्नुपर्ने सूचनामा उल्लेख छ। निर्यातकर्ता स्वयं उत्पादक नभए कहाँबाट खरिद भएको भन्ने प्रमाणित कागजातसमेत पेस गर्नुपर्ने उल्लेख छ।

लामिनारको 'मोनोलिथ डिजिटल फुल-बडी' टायल सार्वजनिक

काठमाडौं/ लामिनार टायल्सले आफ्नो नयाँ प्रडक्ट 'मोनोलिथ डिजिटल फुल-बडी' सार्वजनिक गरेको छ। कम्पनीका अनुसार मोनोलिथ डिजिटल डिजाइन र फुल-बडी प्रविधिको संयोजनमा आधारित छ। कम्पनीका प्रबन्ध निर्देशक आशुतोष खेतानले मोनोलिथमार्फत आफूहरूले



प्राकृतिक ढुंगाको सुन्दरतालाई सरल र आधुनिक टायलको भाषामा प्रस्तुत गराएको बताए। यो टायलले प्रतिकूल वातावरण र दीर्घकालीन प्रयोगमा पनि गुणस्तर कायम राख्ने उनको भनाइ छ। मोनोलिथलाई आधुनिक घर तथा सार्वजनिक स्थानमा प्रयोग गर्नका लागि तयार गरिएको बताइएको छ। कम्पनीले यसलाई सन्तुलित र टिकाउ टायलका रूपमा प्रस्तुत गरेको छ। यो टायलमा चुनढुंगा, बालुवा, खरानी, स्लेट र ज्वालामुखीय काँच (ओब्सिडियन)जस्ता प्राकृतिक तत्त्व मिसाइएको छ। साथै, डिजाइनमा पनि विविधता भएको कम्पनीले जनाएको छ।

सिटिजन्सको 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड'

काठमाडौं/ सिटिजन्स बैंकले 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड' वितरण गरेको छ। यस वर्षको उक्त विधाको अवार्ड गौरव उप्रेतीलाई प्रदान गरिएको छ। पुरस्कार नेपाल व्यवस्थापन संघ (म्यान)को राष्ट्रिय व्यवस्थापन सम्मेलनमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतबाट प्रदान गरिएको बैंकले जनाएको छ। पुरस्कारको चयन प्रक्रियामा सिटिजन्स बैंक, पूर्वाञ्चल विश्वविद्यालय र म्यानका पदाधिकारीसहितको समितिले गरेको हो। यो विधाको पुरस्कारले नेपालको म्यानेजमेन्ट शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बैंकले जनाएको छ। साथै, यसले भविष्यका म्यानेजमेन्ट पेसेवरलाई प्रोत्साहित गर्ने विश्वाससमेत बैंकले लिएको छ।



सहारा फुटबल एकेडेमीलाई लुम्बिनी विकास बैंकको आर्थिक सहयोग

काठमाडौं/ लुम्बिनी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सहारा फुटबल एकेडेमीलाई अढाई लाख रुपैयाँ सहयोग गरेको छ। सहारा क्लब पोखराद्वारा पोखरा- १७ दोबिल्ला, कास्कीमा सञ्चालित उक्त एकेडेमीलाई सहयोग गरिएको हो।

बैंकका सञ्चालक समिति सदस्य रामचन्द्र सिग्देलले सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापालाई सो रकमबराबरको चेक हस्तान्तरण गरे। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन आचार्य, पोखरास्थित शाखाका प्रबन्धक, क्लबका निवर्तमान अध्यक्ष विक्रम थकालीको उपस्थिति थियो।

सहयोग हस्तान्तरणपछि आचार्यले एकेडेमीमा आश्रित बालबालिकालाई निरन्तर सहयोग गर्न पाउँदा खुसी लागेको बताए। बैंकले प्रदान गरेको आर्थिक सहयोगप्रति क्लबका अध्यक्ष थापाले सहयोग रकम एकेडेमीमा आश्रित बालकबालिकाको खाजा र खानाका लागि खर्च गरिने जानकारी गराए।

डिप्रोक्स लघुवित्तले दियो छात्रवृत्ति

काठमाडौं/ डिप्रोक्स लघुवित्तले सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न परिवारका जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। संस्थाको सल्यानस्थित फारुला शाखा कार्यालयले सोही ठाउँको जनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा १० की छात्रा हिरा बुढाथोकीलाई छात्रवृत्ति प्रदान गरेको हो।



छात्रवृत्तिबाट लाभान्वित विद्यार्थीको अध्ययनप्रति थप उत्साह र आत्मविश्वास बढ्ने बताइएको छ। शिक्षा क्षेत्रमा गरिएको यस्ता योगदानले समुदायस्तरमा सकारात्मक प्रभाव पार्ने संस्थाको विश्वास छ। साथै, संस्थाले आगामी दिनमा पनि शिक्षा, सामाजिक सशक्तीकरण र दिगो विकासका क्षेत्रमा यस्ता कार्यक्रम निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

नेपाल विद्युत प्राधिकरण
मधेश प्रादेशिक कार्यालय, जनकपुर

मिटर नामसारी सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२।१०।२७)

यस प्रादेशिक कार्यालय अन्तर्गतका **सिरहा वितरण केन्द्र**का ग्राहकहरूबाट विद्युत नामसारी गर्नका लागि नियमानुसार पेश भएका निवेदन बमोजिमको विद्युत मिटर नामसारी सम्बन्धीको विस्तृत सूचना नेपाल विद्युत प्राधिकरणको वेबसाईट **www.nea.org.np/regional/2** मा प्रकाशन गरिएको तथा सम्बन्धित वितरण केन्द्रको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा जानकारी गराईन्छ।

Shivashree Hydropower Ltd
Anamnagar, Kathmandu Nepal,Phone: 01-4796346
Email: shivashreehydropowerltd@gmail.com,
web: www.shivashreehydro.com.np

Unaudited Financial Result

(For the Period of 2nd Quarter as on Poush 30, 2082, Fiscal Year 2082/83)

Particulars	Current Quarter Ending Poush 30, 2082	Previous Quarter Ending Ashwin 31, 2082	Croesponding Previous Year Quarter Ending Poush 29, 2081
ASSETS AND PROPERTIES			
Non-Current Assets			
Gross Property, Plant & Equipment	5,420,990,911	5,383,502,297	5,318,707,908
